# सार्वजनिक बसमा संलग्न काठमाडौंका महिला बस चालकको अध्ययन

त्रिभुवन विश्वविद्यालय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत शोधपत्र

प्रस्तुतकर्ता

लिला चुडाल

परिक्षा रोल नं : २८३१९८

रजिष्ट्रेसन नं : ६२-५३८-९१-२०१४

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७९

# घोषणा

प्रस्तुत **सार्वजनिक बसमा संलग्न काठमाडौका महिला बस चालकको अध्ययन** विषयको शोधपत्र अन्य कुनै उपाधि वा प्रयोजनकालागि प्रस्तुत गरिएको छैन । यो शोधपत्र मेरो आफ्नै मौलिक अनुसन्धानहो । यसमा प्रस्तुत गरिएका विषयवस्तु विगतमा पूरा भई बुझाइएका अनुसन्धान प्रतिवेदन भन्दा फरक छन् । अन्य स्रोतबाट लिइएका र सारसंक्षेपीकरण गरिएका सामग्रीहरु सन्दर्भसूचीमा उल्लेख गरिएको छ ।

मिति :

.......................................

**लिला चुडाल**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रियविभाग**

**कीर्तिपुर, काठमाण्डौ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तिको आंशिक आवश्यकता पुरा गर्ने उदेश्यले प्रस्तुत **सार्वजनिक बसमा संलग्न काठमाडौका महिला बस चालकको अध्ययन** शोधपत्र लिला चुडालले मेरो निर्देशन, सुझाब तथा सुपरिवेक्षणमा रहीतयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु । अतः शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि म सिफारिस गर्दछु।

मिति : ..........................

....................................

सह-प्रा. डा. टिकारामगौतम

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाण्डौं ।

**त्रिभुवनविश्वविद्यालय**

**मानविकी तथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाण्डौ**

## स्वीकृतिपत्र

**सार्वजनिक बसमा संलग्न काठमाडौका महिला बस चालकको अध्ययन** शीर्षकमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर चौँथो सेमेष्टरमा अध्ययन गर्ने लिला चुडालले प्रस्तुत गर्नु भएको शोध पत्रलाई यस विभाग द्धारा स्वीकृती प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

______________

विभागीय प्रमुख

सह-प्रा. डा. युवराज लुइटेल

______________

शोधनिर्देशक

सह-प्रा. डा. टिकाराम गौतम

______________

बाह्य निरीक्षक

डा. प्रमोद भट्ट

मिति : .........................

# कृतज्ञताज्ञापन

यस शोधपत्रको निर्देशन, सल्लाह, सुझाब र सहयोगका साथ शोधपत्रतयार गर्ने क्रममा विभिन्न समस्याहरुसँग जुध्ने प्रेरणा दिएर सहि मार्गनिर्देशन गर्नुहुने शोध निर्देशक आदरणीय सह-प्रा. डा. टिकारामगौतम ज्यू प्रती कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धान काक्रममा उचित सद्भावका साथतथ्याङ्क सङ्कलनमा सहयोग पुर्याउनु हुने अध्ययन क्षेत्रका उत्तरदाता महिला बस चालकहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

मेरो शोधकार्यमा आवश्यक सल्लाह र सुझाब प्रदान गर्नु हुने यस समाजशास्त्र केन्द्रिय विभागका विभागीय प्रमुख सह-प्रा. डा. युवराज लुँइटेल ज्यु प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी यस शोधकार्यका लागि सल्लाह, सुझाब र मार्गदर्शन गरी बाह्य निर्देशकको भूमिका प्रदान गर्नुहुने आदणीय गुरुप्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोधपत्रलाई पूरा गर्ने अवसर सहित आवश्यक सहयोग, सल्लाह दिनुहुने समाजशास्त्र केन्द्रिय विभाग कीर्तिपुर प्रती धन्यवाद ज्ञापन गर्दछु ।

अध्ययनको शिलशिलामा आवश्यक जानकारी दिएर सहयोग गर्नुहुने मेरा उत्तरदाताहरुप्रति हृदयदेखि धन्यवाद दिन चाहन्छु । आवश्यक जानकारी उपलब्ध गराएर सहयोग गर्ने साझा यातायातको केन्द्रिय कार्यालय पुलचोक, ललितपुरका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

यसरी नै मेरो अध्ययनलाई उच्च शिक्षा सम्म पाइला टेकाइ हौसला, प्रेरणा र आर्शिवादका साथ विश्वविद्यालय शिक्षा सम्म पुर्याउन सफल हुनुहुने पुजनीय बुबाआमा र आदरणीय दाइ, दिदीप्रति हृदयदेखि नै खुसी व्यक्त गर्दछु । विभिन्न पक्षबाट सहयोग पुर्याउनु हुने मेरा परिवारका सम्पूर्ण सदस्यहरु, ईष्ट मित्र र शुभचिन्तकहरुलाई हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

लिला चुडाल

# विषयसूची


| | |
|---|---|
| **घोषणा** | **क** |
| **सिफारिस पत्र** | **ख** |
| **स्वीकृति पत्र** | **ग** |
| **कृतज्ञताज्ञापन** | **घ** |
| **विषयसूची** | **ङ** |
| **अध्याय १ : परिचय** | **१-६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ३ |
| १.३ अध्ययनको उदेश्य | ५ |
| १.४ अध्ययनको महत्व | ५ |
| **अध्याय २ : सम्बन्धित लेख रचनाहरुको समीक्षा** | **७-१७** |
| २.१ सैद्धान्तिक समीक्षा | ७ |
| २.१.१ उदार महिलावाद | ८ |
| २.१.२ सामाजवादी महिलावाद | ९ |
| २.२ अध्ययनको सैद्धान्तिक अवधारणा | ११ |
| २.३ अध्ययन नभएको क्षेत्र/पक्ष | १७ |
| **अध्याय ३ : अध्ययन विधि** | **१८-२२** |
| ३.१ क्षेत्र चयनको औचित्यता | १८ |
| ३.२ अनुसन्धान ढाँचा | १८ |
| ३.३ तथ्याङ्कको स्रोत र प्रकृति | २० |
| ३.४ शोधका लागि वैयक्तिक अध्ययन र छनौट विधि | २० |
| ३.५ तथ्याङ्क संकलन विधी | २१ |
| ३.५.१ अन्तर्वार्ता | २२ |
| ३.६ तथ्याङ्क संकलन र विश्लेषणको प्रक्रिया | २३ |
| **अध्याय ४ : महिला बस चालकहरुको पेशागत अवस्था, कारण र समस्या** | **२३-४७** |
| ४.१ पेशागत अवस्था | २४ |
| (क) काम गर्न थालेको समयावधि र दैनिक काम गर्ने घण्टा | २४ |

(ख) महिला चालकहरुको कमाई, बचत र खर्च २६
(ग) पेशागत सन्तुष्टि र अपेक्षा २७
४.२ पेशागत कारण २९
(क) शिक्षा र तालिमको महत्व ३१
(ख) महिलाको भुमिकामा आएको परिवर्तन ३३
(ग) पारिवारिक अवस्था ३६
४.३ पेशागत समस्याहरु ३८
(क) महिला हिंसा ३९
(ख) महिला र कामको जोखिम ४१
(ग) मातृत्व र ज्याला रोजगार ४४
**अध्याय ५ : सारांश र निष्कर्ष ४८–५३**
सारांश ४८
निष्कर्ष ५१
**सन्दर्भ सामग्री**
**प्रश्नपत्र**

# अध्याय १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

रोजगार अवधारणा अर्न्तगत गैह्र कृषि क्षेत्रको सार्वजनिक यातायातमा विगतका केहि समयदेखि यता काठमाडौँ उपत्यका भित्र लगायत लामो दुरीका सवारि साधनहरुमा चालक तथा परिचालकको भूमिकामा महिलाहरुको सहभागिता देखिन थालेको छ । काठमाँडौ उपत्यकाभित्र चक्रपथ परिक्रमा गर्ने सार्वजनिक सवारी साधनहरु (महानगर यातायात, साझा बस) का महिला बस चालकहरुको अवस्था कस्तो छ ?, उक्त पेशामा महिला भएको कारण उनीहरुले के कस्ता समस्या र चुनौतिहरु भोगिरहेका छन् र उनीहरुको पेशागत अवस्था कस्तो छ र यो पेशामा लाग्नुका कारणहरु के हुन त भनि अध्ययन गर्नु समाजशास्त्रका विद्यार्थीका लागि महत्वपूर्ण विषयहुने भएकाले राजधानीकोचक्रपथमा गुडने केहि बसहरुमामहिला आबद्ध  भएकाले गर्दा सोहि क्षेत्रमा केन्द्रितभई महिला बस चालकहरुको अध्ययनगरिएको छ ।

मानिसहरुले जीवनयापन गर्न आफुजन्मेको ठाँउ, देश तथा अन्य मुलुक बाहिर गई कुनै पनितरिकाबाट आर्थिक उपार्जनका कार्य गर्नुलाई रोजगार भनिन्छ । विशेषगरी विश्वव्यापीकरण र आद्युनिकीकरणको विकासले गर्दा  विश्वमा रहेका सम्पूर्ण राष्ट्र एक अर्कामा अन्तर सम्बन्धित हुनै पर्ने बाद्यात्मक परिस्थितीसिजर्ना भएको छ जसको परिणाम स्वरुपविश्वमा रोजगारिका अवसरहरुको पनिविस्तार भएको छ । अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारको अन्तराष्ट्रिय परिभाषाअनुसार काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्नमानिसहरु जुनसुकै क्षेत्रमानिश्चित  समयमाकामगर्दछन भने त्यसलाई रोजगारी भनिन्छ, जसमाजिन्सि ज्यालालिएर काम गर्नुलाई रोजगार भनिन्छ भने आफ्नै व्यवसायमाज्यालावातलबनलिई काम गर्नुलाई स्वरोजगारि भनिन्छ (ज्ञवाली, सन् २०५७ ) ।

मानवजीवनका आधारभूत आवश्यकता परिपूर्ति गर्नुका साथै शिक्षा, स्वास्थ्य, रोजगार, सुचना प्रविधि लगायतका कुराहरु पनिप्राथमिकतामाआएका छन् । नेपाल जस्तो पितृसत्तात्मक समाजमा प्राय पुरुषहरु मात्र घरबाहिरका कामहरुमा संलग्नहुने गरेको देखिन्छ

। देशमाभएको आन्तरिक द्धन्द्ध, राजनैतिक अस्थिरता ,खुला अर्थतन्त्र, भ्रष्टाचार, उपभोगमुखी जीवनशैली जस्ता कारणले गर्दा परिवारमा पुरुषले मात्र अर्थतन्त्र थेग्न नस्कने भएकाले महिलाहरु पनि रोजगारका लागि अगाडी बढन थालेको देखिन्छ । महिलाहरु  देशभित्रमात्र नभई अन्तराष्ट्रिय स्तरमा समेत रोजगारका लागी बाहिरिएका छन् (खत्री, २०७४) ।

महिलाको पेशागत अवस्था सम्बन्धीगरिएका लेखहरुको बारेमा अध्ययन गर्दा विभिन्न कुराहरु भेटिएका छन् त्यसमा केहि अंशहरु यहाँ प्रस्तुत गरिएको छ : श्रमशक्तिको एउटा कठिनाई भनेको प्रत्येक पेशागत श्रेणी भित्र विस्तृत रोजगारको प्रयाप्त भिन्नता छ । उदाहरणको लागि पेशागत वर्गीकरण ईन्जिन्यिर, चिकित्सक, प्राथमिक स्कुल शिक्षक र नर्सहरु जस्ता विविध पदहरु सामेल छन् । प्रत्येक पेशामा महिला  र पुरुष व्यवसायिक सुचकांक बिचको भिन्नताले महिला र पुरुष कामदारहरुको आर्थिक स्थितीमा पनि भिन्नता पर्दछ । यस बाहेकका पेशागत समुहमा महिलाको स्थितीमा भएको वृद्धि महिला व्यवसायिक सूची बढ्दो प्रतिबिम्बितहुदैन । अमेरिकामा सन् १८७० को दशक  पछि नयाँग्राहकहरुले ठूला डिर्पाटमेन्ट स्टोर, मेल अडर हाउस, चेन स्टोरहरु सुरु गर्न प्रोत्साहित गरेपछि यी संस्थाहरुमाश्रमको ठूलो विभाजनले महिलालाई बढि रोजगारि दियो । महिलाको रोजगारि र उनीहरुको श्रम बजारमा सफलहुने क्षमता सम्बन्धीअवस्था चेक गणतन्त्रमा पश्चिमी युरोपमाभन्दा फरक छ । व्यवसायले पुरुष र महिलाबिचको मजदुरी भिन्नता प्रत्येक अथ र्व्यवस्थामा अवस्थित हुन्छ , तर तिनीहरुको कारण र मापनमा परिवतर्न हुन सक्छ । विकसित बजार अर्थतन्त्र भएका देशहरुमा र रुपान्तरण मुलुकहरुमा विभिन्न समयावधिको लागि र अर्थव्यवस्था विभिन्न सामाजिक, आर्थिक र संगठनात्मक  क्षेत्रहरु आदिमाभिन्नताहरु चिन्न सकिन्छ । चेकमा रोजगारका सर्त र विकासमा भिन्नताहरु छन् ।चेक गणतन्त्र र पश्चिमी युरोपमा महिलाको सामाजिक र कानुनी स्थितीसंग सम्बन्धित धेरै विशेष पक्षहरु सहितकानुन र कार्य नियमहरु, महिलाको कामको घटना र यसको महत्व, श्रमको संरचना र विभाजन, परिवारको अवधारणा र कार्य भूमिका, सामाजिकआचरण वाव्यवहारको औपचारिक बान्कि, महिलाहरुको रोजगार बजारमा समानअवसरहरु र यस क्षेत्रमा परिवतर्नको समयमा सुरक्षित गर्न एक सक्रियवानिष्क्रियभूमिका खेलेको छ (सोरकिन, सन् १९७३)।

सामान्य सर्तमाश्रम बजारमा महिलाको असमान स्थिति कमतलब, व्यवस्थापन र निर्णयमाकम सहभागिता, कम प्रतिष्ठा र उनीहरुको रोजगारिको उच्च जोखिम र

बेरोजगारिको उच्च स्तरसंग जोडिएको छ । लैङ्गिक सम्झौतालाई समाप्त गर्नु दिर्घकालीनव्यवसायहो । मुख्य रुपमा परिवारमा कामको विभाजनमा समाजको परम्परागत दृष्टिकोणमा परिवर्तन आवश्यक पर्दछ , जसमा पुरुष र महिलादुवै भूमिका खेल्न सक्षम छन् । व्यवहारिक प्रभावको शर्तमा रोजगार नीति उपकरणमा (महिलालाई रोजगार बजारमाउनीहरुको मूल्य सुधार गर्न प्रशिक्षण र महिला पेशागतअनुभवलाई फराकिलो पारम्पारिक पेशा समावेश गर्नका लागि समथर्न गर्ने) सामाजिकनीति उपकरणमा वास्तविक रुपमा प्रस्तुत गर्न खोज्नुको वास्तविकमहत्व छ (ड्राहोमिर, सन् २००५) ।

महिलाहरु आत्मनिर्भर बन्नकालागि कठिन परिस्थितिको सामना गर्न समेत पछि परेको देखिदैन् । सरकारी तथा गैह्र सरकारी क्षेत्रहरुमापनिमहिलाहरुको उपस्थिती बढदै गएको छ । सरकारी क्षेत्रमा नेपाल सरकारले नै महिला आरक्षण कोटाको व्यवस्था गरेर पनिमहिला रोजगारलाई प्राथमिकतादिएको छ । यसकाअलवाविभिन्न सस्थाहरुले महिलाहरुकालागि सिपमुलक तालिमहरु दिने, कृषि पेशालाई समेत व्यवसायिक बनाउनका लागि प्रोत्साहित गर्ने गरेका छन् जसको परिणाम स्वरुप प्राय महिलाहरु आर्थिक रुपमा सबल बनेका पनि छन् । केहि दशकदेखि यता नेपाली युवायुवतीहरु वैदेशिक रोजगारमा जाने क्रम बढेको छ साथै स्वदेशमै स्वरोजगार गर्नेहरु पनि उत्तिकै मात्रामा छन् । विदेशबाट फर्केर आफ्नै देशमा केहि गर्छु भनि बसेका पनि धेरै नागरिकहरु छन् ।

## १.२ समस्याकथन

मानव समाजमा धेरै किसिमका समस्याहरु हुन्छन् । समाजमा विद्यमान सबै समस्याहरुको अध्ययन तथा अनुसन्धान गर्न सम्भव हुदैन् । यसकारण रोजगार अवधारणा अन्तर्गत रहेर महिला रोजगारलाई मध्यनजर गरि अध्ययनगरिने छ । रोजगारिले महिलाहरुलाई आत्मनिर्भर, निडर र सशक्तबनाएको छ । यसले गर्दा कतिपय अवस्थामा महिलाहरु हिंसाबाट समेत टाढा रहन सकेको देखिन्छ । अतः रोजगारिकै कारण महिलाहरु आफ्नो घरको आम्दानीको स्रोत बनेको पाइन्छ । बच्चा जन्माउने, हुर्काउने, चुलो चौका र घरभित्रमात्र सीमितकाम गर्ने मात्रमहिलाको भूमिकानभई सामाजिक कार्यका साथै अन्यकामपनि गर्न सक्छन भन्ने पुष्टि गरिसकेका छन् । महिलाले स साना बालबच्चाहरु परिवारमा छाडेर काममा जानाले बच्चा हुर्काउने जिम्मेवारी पुरुषहरुमा बढ्दो देखिन्छ ।

जति महिलाहरु आत्मनिर्भर र रोजगार बन्दै गएका छन् उति नै घरेलु हिंसा लगायतका कुराहरुबाट टाढा बस्न सफलभएको देखिन्छ (ओरेक,२०७२) ।

वर्तमानको विश्वपूँजीवादमा रुमलिएको हुँदा समाज अर्थतन्त्रको पकडमा रहेकाले पुरुषहरु लगायत महिलाहरु पनिआर्थिक रुपले सम्पन्न भएपश्चात घर, परिवार, समाजवा राज्यले हेर्ने दृष्टिकोणमा समेत फरक हुने गर्दछ । पितृसत्तात्मक समाजले महिलालाई कमजोर बनाइएतापनियसको बिरुद्धमा लागि स्वरोजगारि बन्नु महिलाकालागिपक्कै पनिचुनौतीको बिषय र एउटा संर्घष पनिहो ।

नेपालमा महिला रोजगारको विषयमा सरकारी क्षेत्रको तुलनामा गैह्रसरकारी क्षेत्रहरुमा महिलाहरुले बढि श्रम गर्नु पर्ने, ज्याला कमदिने, महिला भएकै कारण जागिरबाट निकाल्ने जस्ता कुकर्म देखिन्छ साथै तलब र कामको प्रलोभनमा पारेर यौंन हिंसा समेत हुने गरेका घटनाहरु जीवित नै छन् । यस्ता घटनाहरुले गर्दा महिलाहरु घर बाहिर कामगर्न इच्छुक भएतापनि खुलेआम निस्कन भने सकेका छैनन् । नेपाली समाजमा श्रमको सम्मान गर्ने प्रचलन छैन साथै पेशा अनुसारको ज्याला र सोहि अनुरुपको सामाजिक इजजत दिइने भएकाले जुनसुकै काम गर्न मन पराउदैनन् । यसै सन्दर्भ हिजोका दिनहरुमा बस चालक पेशामा संलग्न नभएका महिलाहरु ऋाज आएर उक्त पेशामा किनलागे भन्ने कुरा समाजशास्त्रका विद्यार्थीहरुमा चासोको विषयहो । त्यसैले यस विषयसंग सम्बन्धितभई सार्वजनिक बसमा संलग्न महिला चालकहरुको पेशागत अवस्था , बस चालक पेशा रोज्नुका कारण र यसका समस्याहरुको अध्ययन गरिएको छ । साथै बस चालक पेशाको पेशागत अवस्था कस्तो छ ? ,महिलाहरुले सवारीचालक पेशामा संलग्न हुनकालागि कस्ता खालका कदमहरु चलेका छन् र कसरी त्यस अवस्थामाआइपुगे ?, उक्त पेशालाई किन निरन्तरता दिइरहेका छन् ?भन्ने यावत कुराहरुको अध्ययन गर्नु आवश्यक भएकाले यो अध्ययन गरिएको छ  । यसका साथै नेपालमा बस चालक पेशा अपनाएका महिलाहरु आफ्नो पेशा प्रतिकत्तिको सन्तुष्ट छन, उक्त पेशामा लगानी , कमाई र बचतको अवस्था कस्तो छ ,आगामी दिनहरुमा यहि पेशालाई निरन्तरता दिने हो या के सोच छ, यी विभिन्न कुराहरुलाई कसरी लिएका छन् भन्ने विषयमा अध्ययन भएको छैन् ।

महिलालाई उद्यमशिल र सशक्तिकरण बनाउनका लागि बस चालक पेशालाई अवसरको रुपमालिन सकिन्छ कि सकिदैन भनेर जानकार हुन आवश्यक हुन्छ साथै यस

पेशाका समस्या र कठिनाइहरुको पहिचान गरि महिलाहरुको रोजगारिलाई सुव्यवस्थित, सुरक्षित र सम्मानजनक बनाउनकालागि यस अनुसन्धानले टेवापुर्याउने आशा राखिएको छ । यस अनुसन्धानले साधारण तर महत्वपूर्ण प्रश्नहरुको उत्तर खोजेको छ :

(१) काठमाँडौको चक्रपथ परिक्रमा गर्ने सार्वजनिक बसमा संलग्न महिलाचालकहरुको पेशागत अवस्था कस्तो छ ?

(२) सार्वजनिक यातायातका महिला बस चालकहरुले बस चालक पेशा रोज्नुका कारणहरु के के हुन्  र किनउनीहरुले बस चालक पेशा नै अपनाएकाहुन् ?

(३) महिला सवारि चालकबन्दा कस्ता खालका सम्स्याहरु र कठिनाईहरु भोग्नुपर्यो ?

## १.३ अध्ययनको उदेश्य

काठमाडौंको चक्पथ परिकमा गर्ने सार्वजनिक बसमा संलग्न महिला चालकहरुको पेशागत अवस्था र समस्याहरुको अध्ययन अर्न्तगत महिला बस चालकहरुको पेशागत अवस्था र समस्याहरु पत्तालगाउने उदेश्यका साथ यो अनुसन्धान अगाडी बढाईएको छ ।

- काठमाडौंको चक्रपथ परिक्रमा गर्ने सार्वजनिकबसमा संलग्न महिला चालकहरुको पेशागत अवस्थाको अध्ययन गरिएको छ ।
- सार्वजनिक यातायातका महिला बस चालकहरुले बस चालक पेशा रोज्नुका कारणहरुको खोजीगरिएको छ ।
- महिला सवारि चालक बन्दाभोगेका समस्या र कठिनाईहरुको विश्लेषण गरिएकोछ ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले सार्वजनिकबसमा संलग्न महिला चालकहरुको पेशागत अवस्था , कारण र समस्याहरुको अध्ययन गरेको छ । यस अध्ययनबाट प्राप्तनिष्कर्ष अन्य ठाउँमा सामान्यीकरण गर्न सकिएपनि सबै पेशामा आबद्ध भएका माहलाहरुको प्रतिनिधित्व गर्न सक्दैन । यस पेशामा के कारणले उनीहरु प्रवेश गरे, उनीहरुको दैनिक क्रियाकलाप तथा सामाजिक जीवनस्तरमा क्रमश कसरी परिवर्तन आएको छ , के कस्ता कारणले गर्दा महिलाहरु घर परिवारमा मात्रै सीमित रहि बेरोजगार बस्न बाध्य छन् , इतयादि विषयमा

अध्ययन गरिएको हुनाले यस विषयमा थप अध्ययन गर्न चाहनेहरुकालागि केही मात्रामामार्ग दर्शन गर्न सक्छ भन्ने उदेश्य छ । यसैगरी महिलाहरुलाई कसरी उनीहरुको ज्ञान, सिप, क्षमता र योग्यतालाई परिवर्तन गर्न सकिन्छ भन्ने विषयमा पनि यस अध्ययनले खोज गरेकाले यस अध्ययनको आफ्नै महत्व रहेको छ । यसका साथै भविष्यमा महिला रोजगार अन्तर्गत बस चालक पेशालाई अवसरको रुपमालिन सकिन्छ कि सकिदैन भनिमहिला रोजगार सबन्धी नीति निर्माण लगायत विकासका कार्यक्रम तर्जुमा गर्नका लागिपनि यस अध्ययनले केहि सहयोग गर्छ ।

# अध्याय२

## सम्बन्धित लेख रचनाहरुको समीक्षा

समबन्धित लेख रचनाहरुको समीक्षा भन्नाले आफुले अनुसन्धान गर्न लागेको विषयका बारेमा यस अघि अध्ययनभई प्रकाशन भएका अनुसन्धानात्मक कार्य , लेख , रचना तथा अप्रकाशित शोधपत्र आदिको अध्ययन तथा समीक्षा गर्ने कार्य हो । यसले अध्ययनको विषयवस्तुमा के कस्ता अध्ययनभई सकेको रहेछ भन्ने कुराको जानकारी राखीआफुले गर्न खोजेको अध्ययनको महत्व र तथ्यगत रुपमा विश्वसनियता बनाउन सहयोग पुर्याउछ ।

### २.१ सैद्धान्तिक समीक्षा

सामाजिक घटनाहरुलाई अध्ययनतथा अनुसन्धान गर्ने क्रममा विभिन्न सामाजिक सिद्धान्तहरुको विकास भएका छन् ।कुनै पनि सामाजिक घटनामा सामेल भएका तथ्यहरुको सम्बन्धलाई ठोस अभिव्यक्ति दिनुनै सिद्धान्त हो ।समाजमा अध्ययनका क्षेत्रहरु व्यापक छन्तसर्थ यो अध्ययनले सबै क्षेत्रलाई समेट्न नसक्ने भएकाले रोजगारमा आबद्ध काठमाँडौका महिला बस चालकमा सीमित छ । विगतौंदेखि समाजमा लिङ्गका आधारमा महिला र पुरुषबिच विभेद रहँदै आएको परिप्रेक्षमा समाजमा रहेको प्रत्येक तह र प्रकारको ंलैङ्गिक विभेदको व्याख्या , विश्लेषण र अध्ययन गर्ने नै महिलावादी सिद्धान्त हो । सन् १९५० पछिका समयमा विकास भएको समाजको समग्र परिवतर्न र रुपान्तरणका साथै ंलैङ्गिक भूमिकाको खोज गर्ने सम्बन्धमा यस सिद्धान्तको विकास भएको हो । विशेषगरी केट मिलेट (सन् १९७०) , जुलिट मिश्चेल , शिला रोवोथम, लगायतका विश्लेषकहरुले मनोवैज्ञानिक , ऐतिहासिक तथा प्रजातीय अवस्थिति र सम्बन्धका बारेमा उल्लेख गरी यस सिद्धान्तको विकासमा टेवा दिए । नारीवादी सिद्धान्तहरुमा उदार महिलावाद, आमुलमहिलावाद, समाजवादीमहिलावाद, महिलावादी तेस्रो धार आदि पर्छन् । यस अध्ययनमा उदारवादी महिलावाद र समाजवादी महिलावादको अवधारणालाई मात्र व्याख्या र विश्लेषण गरिएको छ ।

### २.१.१उदार महिलावाद

लैङ्गिक असमानता सिद्धान्तको प्रमुख अभिव्यक्तिका रुपमा विकास गरिएको एक नारीवादी सिद्धान्त उदार महिलावाद हो । उत्पतिका दृष्टिले उदार महिलावाद सोह्रो र सत्रौं शताब्दी देखि नै विकास भएको पाइन्छ ।आधारभूत मानव क्षमताका आधारमा महिलाहरु पनिपुरुष सरह सक्षम हुन्छन् र लैङ्गिकअसमानतापितृसत्तात्मकता र श्रमको यौनिक विभाजनको परिणाम हा् भन्ने मान्यताउदारवादी नारीवादको रहेछ । उन्नाइसौं शताब्दीका परम्परावादी उदार नारीवादीहरुले विशेषगरी नागरिक स्वतन्त्रताहरु, सम्पति माथिको अधिकार, धर्म मान्ने स्वतन्त्रता, बोल्ने स्वतन्त्रता, संगठन गर्ने स्वतन्त्रता जस्ता व्यक्तिगत स्वतन्त्रतालाई बढि जोड दिइएको देखिन्छ । विसौं शताब्दीसम्म आइपुग्दा नागरिक स्वतन्त्रता भन्दा आर्थिक न्यायका पक्षलाई बढी जोड दिइएको पाइन्छ । सन् १९५० पछिका उदार महिलावादीहरुले सामाजिक, आर्थिक तथा राजनैतिक सम्बन्धमापुनरसंरचनाको आवश्यकता औंल्याएका छन् ।उन्नाइसौं शताब्दीका प्रख्यात महिलावादी हेरिट टेलरले महिलाहरुलाई घर बाहिरका कार्य गर्ने स्वतन्त्रताहुनु पर्दछ भन्ने विषयमा जोड दिई पेशा, शिक्षाजस्ता पक्षमा महिलाकालागि स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने वकाल तगरिन (आचार्य,२०७१) ।

विसौं शताब्दीमा हेर्दा उदार महिलावादीहरु व्यक्तिगत स्वतन्त्रताका अलावा सामाजिक न्याय र लिङ्ग (महिला) को अस्तित्वसँग बढि सरोकारित भएको देखिन्छ । समाजशास्त्री फ्रीडानले महिलाका विषयमा आफ्नो लेखमा महिला शक्ति विहिन वर्ग हो भन्ने मान्यता र बुझाईमा असहमत हुँदै परम्परागत कार्यबाट महिलाहरु बाहिर निसकेर काम गर्न सक्छन् । एउटा महिलाले जन्मको सन्दर्भका अलावा बाबुको भूमिका निवार्ह गर्न सक्छे भन्ने वकालत गरियो । वेटी फ्रीडानले महिलालाई घर बाहिरका कार्य प्रतिको आवश्यकतालाई औल्याएको छ । उदारवादी नारीवादीहरुले समानतातर्फ पाइला चाल्नु कीविभेदको उन्मुलन तर्फ लाग्नु ?यदि त्यसो भए महिलाहरु पुरुष र महिला बराबर हुनका लागि पुरुषहरु जस्तै बन्नु पर्दछ वाप्रत्येक व्यक्तिले प्रत्येक व्यक्तिसँग बराबर हुनकालागि सकारात्मक विशेषताहरुको मिश्रण गर्नुपदर्छ (फ्रीडान, सन् १९६१) ।

समाजशास्त्री सिमन दिब्यूवयरले उनको पुस्तक द सेकेन्ड सेक्स को जैविकतामा तथ्याङ्क (The Data on Biology)नामक लेखमादुई वटा प्रश्नहरु विचारणीय हुने उल्लेख गरेकी छन् । पशुहरुको संसार स्त्रीजातीले के जनाउदछिन् ? र स्त्री जातीमा कस्तो प्रकारको

स्त्रीत्वको अनुभव हुन्छ ?ब्युवयर तर्क गर्छिन कीदुई वटा लिङ्गहरुको विभाजन वास्तवमा प्रकृतिमा सार्वभौम हुदैन् ।जन्तु वर्ग वाजन्तु जगतमा कुनै भाले जातले पोथी जात उपर हावी भएको वा पुरुषले महिलालाई प्रभुत्ववाद मनमा राखेको कुनै दृष्टान्त छैन् ।मान्छे र जनावरलाई तुलना गरेर जनावरमा मान्छेमा जस्तो विभेद नभएको कुरा गरेकी छन् ।जैविक रुपमा स्त्रीजातीले सन्तान उत्पादनन गर्नु पर्ने भएकाले पुरुषजातीको तुलनामा केहि कमजोर त हुन्छन नै तर त्यसैलाई आधार मानेर महिला कमजोर हुन्छन भनेर विभेद गर्नु हुदैन । मान्छे र जनावरमा महिलाको स्थान हेर्दा असमानता रहेको छ। महिला र पुरष बिचमा रहेको विभेद मानव समाजले नै निर्धारण गरेर समाजमा महिला र पुरुषबिचमा असमानता सिर्जना गरेको हो । ब्यूवयरले महिलालाई सन्तान उत्पादनको स्रोतको रुपमा मात्र हेरेर पुरुषभन्दा महिला कमजोर हुन्छन् , पुरुषहरुको तुलनामा आउन सक्दैनन् भन्ने सोचको विकास भएको छ भनी चर्चा गरेकी छन् । सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा महिलाको सहभागिता नभएकाले बलियो र कमजोर , उच्च र निम्न , महिला भनेको ओदर (other) र पुरुषभनेको हुई (we) भन्ने धारणा को विकास गरेकाले असमानताको खाडल भएको हो ।महिलाहरुले म अरुबाट शोषित भएभन्नु भन्दा पनि असमानतालाई मध्य नजर गरेर समानतातिर आफुलाई अघि सार्नु पर्छ भनेर आफ्नो विचार राखेकी छन् (ब्युवयर, सन् १९९७) ।

सामाजिक अनुसन्धानमा महिलाको विषयमा अध्ययन गर्दा उदार महिलावादको सिद्धान्तलाई आधार मानेर अध्ययन तथा विश्लेषण गर्न सकिन्छ । यसले महिलाहरुकालागि समाजमा नागरिक स्वतन्त्रताहरु, सम्पति माथिको अधिकार, धर्म मान्ने स्वतन्त्रता, बोल्ने स्वतन्त्रता , संगठन गर्ने स्वतन्त्रता जस्ता व्यक्तिगत स्वतन्त्रताहरुलाई जोड दिएको छ । समाजमा महिलाहरु पुरुषको तुलनामा किन कम सहभागी छन त भन्ने सवालमा यो अवधारणले पुरुषलाई जस्तो महिलालाई स्वतन्त्रता नभएकाले हो भन्ने विचार राख्दछ । जो महिलाहरुले परिवारदेखि स्वतन्त्रतापाएका छन् उनीहरु घर, परिवारमा मात्र सीमित महिलाहरुको तुलनामा समाजका धेरै क्षेत्रमा सहभागि भएको पाइन्छ ।

### २.१.२ सामाजवादीमहिलावाद

समाजवादी महिलावादलाई मार्क्सवादी तथा उदारवादी महिलावादको संश्लेषणको रुपमा लिइन्छ । जसमा महिला स्वतन्त्रताका साथै वर्गीय आधारमा लैङ्गिक विभेदका

अवस्थालाई उठाइएको छ ।समाजवादी महिलावादले वर्गविहीन समाजको कल्पना गर्छ । विशेषगरी सामाजिक व्यवस्था भित्र रहेका विभेदको अन्त्यका लागि महिला र पुरुषबिचमा समानताको आवश्यकतालाई औँल्याउदै त्यस भित्रका अन्य कारक तत्वका विरुद्धमा सशक्तिकरणको प्रक्रियालाई जोड दिएको छ । यसको मूल कारण लिङ्गका आधारमा श्रम विभाजन र त्यस अनुरुपको सामाजिक साँस्कृतिकमान्यताहो । यो सम्प्रदायले पनि समाजका प्रत्येक तहमा महिलाहरु पुरुषकै अधिनमा रहेको देख्छ । समाजवादी महिलावादीहरुले महिलाको भूमिका व्याख्या गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थालाई मात्रविश्लेषण नगरी सामाजिकीकरण तथा पुनर उत्पादन भुमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्नु पर्ने धारणा राख्दछ । प्रत्येक समाजमा रहेको यौन व्यवहारहरुमा महिला के कति किन र कसरी प्रभावित छन् भन्ने बारेको व्याख्या र बुझाई पनियस सन्दर्भमा निकै महत्व हुने भएकाले महिलाहरु जो पुरुषबाट बढि सताइन्छन वादमित हुन्छन् त्यसमा यौन व्यवहार पनि महत्वपूर्ण पक्ष हुन्छ जसलाई अध्ययनमा जोड दिनुपर्छ (आचार्य,२०७१) ।

समाजवादी महिलावादी मारिया माइजले 'The social origins of the sexual division of labour' नामक पुस्तकमा आमुल महिलावाद र मार्क्सवादी महिलावादको सार नै समाजवादी महिलावाद हो भनेकी छन् साथै यस अध्ययनमा लिङ्गका आधारमा श्रम विभाजनको प्रक्रियालाई जोड दिइएको छ । जैविकीय रुपमा नै महिलाहरु पुरुषभन्दा फरक छन् यसकारण उनीहरुको भूमिका पुरुषको भन्दा फरक हुनु स्वभाविकहो भन्ने ठानिन्छ ।वर्गीय असमानता भन्दा सामाजिक असमानता घातक हुन्छ । उत्पादनका साधनहरुमा पुरुषको मात्र सहभागिता थियो महिलाहरुले उपभोग मात्रगर्थे भनेर ऐतिहासिक समय देखि नै भन्दै आएको भएर महिलाहरुलाई वर्तमानमा पनि यहि रुपले हेरिएको तर महिलाहरु उपभोगवादी मात्र थिएनन् उत्पादनमुखीका मपनिगर्थे भन्ने कुरा कहिल्यै गरिएन् त्यसैले गर्दा समाजमादुई लिङ्गबिचमाश्रमको असमान स्थिति शिर्जनाभएको हो । वर्तमानको पूँजीवादी समाजमापनि पुरुषहरुले गर्ने काममहिलाले गर्दा पुरुषले गरेको भएर नै महिलाले गर्न पाएको हो भन्ने धारणाको विकास भएको छ ।महिलाहरु शक्तिशालीहुदाहुँदै पनिमहिलाको शरिरलाई विभिन्नऔजारहरुसँग तुलना गरेर महिलाकमजोर हो भन्दै आए र पुरुषको शरीरलाई हलो जस्ता औजारसंग तुलना गरेर साहसीभन्ने भ्रम फैलदे आयो । यस्तै कुराहरुले पुरुषप्रधान समाजलाई मजबुत बनाउदै आयो । वर्तमानको पूँजीवादी समयमा महिला बाहिर निस्कनै पर्ने बाध्यताभयो, महिलाहरुलाई असमानता गर्ने , बोक्सी भनेर कलंकलगाउने ,

कामकालागि अयोग्य भन्दै महिलाभएकै कारण दुर्व्यवहार गर्ने, महिलाको बच्चा जन्माउने हकलाई आफ्नो तरिकाले चल्ननदिने , महिलाको पुनर उत्पादनको अधिकार पुरुषको हातमा हुने, मेरो बच्चा मेरो सन्तानभन्ने जस्ता विभिन्न तरिकाले महिलामाथि शोषण भइरहेकै छ । यसरी विभिन्न तरिकाबाट महिला र पुरुषमा सामाजिक कारणले यौनका आधारमा श्रम विभाजनको सुरुवात भयो । वर्तमानको समाजलाई बुझ्नकालागि जैविक कारण होइन सामाजिक कारणको व्याख्या गर्नु पर्दछ (माइज, सन् १९८१) ।

महिलाका विषयलाई केन्द्रमा राखेर गरिएका अध्ययनहरुले समाजवादी महिलावादको अवधारणालाई अंगालेर पनिअध्ययन गर्न सकिन्छ ।समाजवादी महिलावादको समप्रदायले समाजमा रहेका सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिन्छ र सबै प्रकारका दमन र अत्याचारका विरुद्धको संघर्षलाई जोड दिन्छ । महिलाका विषयलाई केन्द्रमा राखेर गरिएका अध्ययनहरुले समाजवादी महिलावादको अवधारणालाई अंगालेर अध्ययन गर्न सकिन्छ ।वर्तमानमा महिलाका अवस्थालाई अध्ययन गर्दा महिलाका भूमिकाको व्याख्या गर्दा लिङ्गका आधारमा रहेका श्रम विभाजनको अवस्थालाई मात्रनहेरी सामाजिकीकरणको भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्नुपर्छ ।यो सम्प्रदायले पनि समाजका प्रत्येक तहमा महिलाहरु पुरुषकै अधिनमा रहेको देख्छ । जबसम्म समाजमा पूँजीवादी अर्थव्यवस्था रहिरहन्छ तबसम्म लैङ्गिक असमानता हट्दैन भन्ने कुरालाई आत्मसात गर्छ ।

## २.२अध्ययनको सैद्धान्तिक अवधारणा

महिलाहरुको शैक्षिक, सामाजिक, आर्थिक अवस्थाको अध्ययन यो भन्दा अगाडी धेरै पटक भइसकेका छन् । ती विभिन्न अध्ययन र लेखहरुलाई हेर्दा नेपाली महिलाहरुको अवस्था पुरुषको तुलनामा पुग्न सकेको छैन । तर सबै क्षेत्रमा यो समान रुपमा छैन । रोजगार एवम व्यवसायमा संलग्न महिलाको अवस्था धेरै राम्रो देखिन्छ तर अशिक्षित तथा बेरोजगार महिलाको अवस्था कमजोर रहेको देखिन्छ । अशिक्षित तथा बेरोजगार महिलाहरु घरेलु हिँसाबाट पीडित बन्नु परेको छ । अझगरिब परिवारका महिलाहरुको हालत झनै खराब रहेको छ । राज्यएवं गैह्र राज्य पक्षअझै पनिती पीडित महिलाहरु समक्ष पुग्नन सकेको आभाष हुन्छ (चालिसे, २०७०) ।

सैद्धान्तिक रुपमा यो अनुसन्धान नारीवादी सिद्धान्त अर्न्तगत उदार महिलावाद र समाजवादी महिलावादको सिद्धान्तमा आधारित छ । उदार महिला वादका अनुसार समाजमारहेको लैङ्गिकअसमानतालाई हटाउन समाजको सम्रचना नै परिवतर्न गर्नुपर्छ । यसका साथै लैङ्गिक समानता, महिलाहरुकालागि समान सहभागिता, रोजगारको अवसर, शिक्षामा महिलाको सहभागिता र स्वतन्त्रतालाई विशेष जोड दिएको छ । यसैगरी समाजवादी महिलावादले समाजमा रहेको असमानताको मूल कारण लिङ्गका आधारमा श्रम विभाजन र त्यस अनुरुपको सामाजिक साँस्कृतिक मान्यता हो भनी व्याख्या गर्छ ।पूँजीवादी समाजको उत्पादनको स्वरुप नै लैङ्गिक असमानताको स्रोत हो त्यसैले महिलाको भूमिकालाई सुधार्न पूँजीवादको अन्त्य र समाजवादको उदय हुनुपर्दछ । जहाँ सबै असमानताको अन्त्य र लैङ्गिक असमानता, लिङ्गमा आधारित श्रम विभाजनको अन्त्य हुन्छ अनिमात्र महिलाको भूमिकामा सुधार आँउछ भन्ने विचार राख्छ । यी सिद्धान्तका अनुसार समाजमा रहेका सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक लगायत रोजगारका क्षेत्रहरुमा महिलाको सहभागिता कम हुनुमा लैङ्गिक असमानता, महिलाको सहभागिता र स्वतन्त्रतालाई ध्यान नदिनु लगायत लिङ्गका आधारमा गरिने श्रम विभाजन नैमूल कारणहरु हुन् ।

उदारवाद र समाजवादी महिलावादहरुका अनुसार रोजगार, व्यापार, उद्योग र उत्पादनका साधनहरुमा पुरुषहरुको मात्र सहभागिता, स्वतन्त्रता र पहुँचहुनाले महिलाहरुलाई उक्त क्षेत्रमा संलग्नहुन कठिन भएको हो । उक्त क्षेत्रमा महिलाको सहभागिता भइहाले पनि उनीहरुलाई विभिन्न आरोप लगाउने, कमतल बदिने, कामबाट निष्काशन गर्ने र महिलाको क्षमतालाई पनि कमआँकलन गर्ने गरिन्छ । समाजमा रहेको पितृसत्तात्मक सम्रचना नै लैङ्गिक असमानताको केन्द्र हो । उदार नारीवादी ब्यूवयरले जैविक रुपमा स्त्रीजातीले सन्तान उत्पादन गर्ने कुरालाई लिएर पुरुषजातीले महिलालाई कमजोर हुन्छन् , उत्पादनमुखी काम गन सक्दैनन् भनेर महिलाका हरेक कुरालाई कमजोर बनाइदै लगियो र सोहि अनुरुपको भ्रम फैलाइएको कारणले महिला रपुरुषमा असमानता भएको हो त्यसैले यसको सुरुवात मानव समाजले नै सुरुवात गरेको हो जैविकीय रुपमाभएको होईनभनेकी छिन् । महिलाले महिलाभएकै कारण समाजमाविभिन्नविभेदपूर्ण व्यवहारहरु खप्नु परेको छ । यो विभेदपूर्ण संरचनाले महिलामा पनि बिद्रोहको भावना विकास भई आफुमापनि केहि गर्न सक्ने सार्म्थ्य भएको कुरा वर्तमानको श्रम बजारमा सहभागी भएका नारीहरुको भूमिकाबाट देख्न सकिन्छ ।

समाजमा विभिन्न क्षेत्रहरुमा आबद्ध भएका महिला र पुरुषको अवस्था फरक फरक किसिमको रहेको पाइन्छ । महिलाहरु शिक्षा, रोजगार, कृषितथा घरेलु उद्योग जस्ता क्षेत्रमा तालिमप्राप्त गरी आयमूलक काममा समावेशी बनेका छन् । यो अनुसन्धान अन्तर्गत सार्वजनिक बसमा संलग्न महिला चालकहरुको पेशागत अवस्था, कारण र समस्याहरुको अध्ययनमा महिलाहरुले बस चालक पेशा अपनाउनुका कारण, पेशागत अवस्था र बस चालक पेशा गरिरहँदा भोगेका समस्याहरुको बारेमा गहन अध्ययन गरिएको छ । यस अध्ययनलाई अझ विस्तृत रुपमा अध्ययन गर्नका लागि महिला र रोजगारीका बारेमा गरिएका केहि अध्ययनहरुको समीक्षा निम्नानुसार छन् :

नेपालको संविधान २०७२ कोभाग १धारा ३३ मा रोजगारीको हकमाप्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हकहुनेछ भनी नेपाल सरकारले कानुनी रुपमा नै रोजगारको क्षेत्र छनौटका लागिहकप्रदान गरेको छ । रोजागारका क्षेत्रमा पेशा छनौट गर्नका लागिव्यक्तिको इच्छा भएर मात्र हुन्छ की छनौट गरिएको पेशा गर्न व्यक्ति योग्य पनि हुनुपर्दछ भन्ने विषयमा गरिएको अध्ययन माशिक्षा र तालिमको महत्वहुने देखियो । शिक्षा र तालिमले मानव जीवनमा रोजगारका विविधताहरुसंग संघर्ष गर्नका लागि बाटो तय गर्छ । यसले समाजिक, आर्थिक तथा विभिन्न पक्षहरुमा आफ्नो पेशामा योग्यता र प्रतिष्ठा निर्धारण गर्न योगदान दिन्छ । अशिक्षितको तुलनामा उच्च शिक्षा प्राप्त मान्छे बेरोजगार हुने जोखिमकम हुन्छ । अन्य देशहरुको तुलनामा प्रशिक्षक तालिम प्रणाली भएका देशहरुमा युवा बेरोजगार कम हुन्छ । उन्नाइसौँ र बिसौँ शताब्दीमा शिक्षा मानव जीवनको सबै भन्दा महत्वपूर्ण निर्धारक तत्वबन्नपुग्यो । शिक्षा र रोजगारका उपलब्ध अनुसन्धानहरुले शैक्षिक विस्तारको प्रक्रियाले मानिसको पेशा (क्यारियर) सफलतामा पुग्ने निष्कर्ष निकालेका छन् ( टिच्लर, सन् २००२) ।

नेपाल श्रमशक्ति सर्वेक्षण नतिजा२०७६ को श्रम तथ्याङ्कको पछिल्लो परिभाषा अनुसार रोजगारीमा रहेको व्यक्तिहुन सन्दर्भ अवधिमा कम्तिमा १ घण्टा तलब/ज्याला पाउने काम गरेको वानाफा/नोक्सानआफै बेहोर्ने गरी सञ्चालितकुनै व्यवसायमा संलग्न भएको हुनुपर्दछ । रोजगार सम्बन्धी विवरणको लागि गणनाको दिनभन्दा ठिक अघिका ७दिन (विगत७दिन) लाई सन्दर्भ अवधिमानिएको छ ।नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसंख्यादुई करोड सात लाख चौवालीस हजार (२,०७,४४,०००) छ । ती मध्ये

सत्तरी लाख छयासी हजार (७०,८६,०००) जनसंख्या रोजगारीको क्षेत्रमा रहेको छ । यसमा चौवालीस लाख छयालीस हजार (४४,४६,०००) पुरुष छन् भने छब्बीस लाखचालीस हजार (२६,४०,०००) महिला छन् । रोजगारीको क्षेत्रमा रहेको जनसंख्या काम गर्ने उमेर समूहअर्न्तगतको जम्माजनसंख्याको ३४.२ प्रतिशत रहेको छ । जम्मा रोजगारीमा रहेको जनसंख्यामध्ये ६९ प्रतिशत शहरमा र ३१ प्रतिशत ग्रामीण क्षेत्रमा रहेको पाइएको छ । रोजगारिमा रहेका पुरुषहरू मध्ये शहरमा ६८ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२ प्रतिशत रहेका छन् । त्यसैगरी रोजगारिमा रहेका महिलाहरू मध्ये ७० प्रतिशतशहरमा र ३० प्रतिशत ग्रामीण क्षेत्रमा रहेका छन् । हाम्रो जस्तो कृषिमा आधारित निर्वाह मुखी अर्थव्यवस्था भएको देशमा आफ्नै उपभोगको लागि  खेतिपाती तथा पशुपालन कार्य तथा पारिवारिक उपभोगका लागि वस्तु उत्पादन कार्यमा संलग्नजनशक्तिलाई यस अघिको सर्वेक्षणमा 'रोजगार' मानिएको भएतापनि यस पटकको नयाँ परिभाषा अनुसार त्यस्ता क्रियाकलापहरू रोजगार अन्तर्गत परेका छैनन् (नेपालश्रमशक्ति सर्वेक्षण , २०७६) ।

रोजगारको मुख्य क्षेत्र कृषिहो यसमामहिला र पुरुषदुवै स्वरोजगार छन् । रोजगारको अर्को मुख्य क्षेत्र भनेको गैह्र कृषि क्षेत्र हो, जँहा पुरुष ज्यालाका लागि र महिलाहरु आर्थिक पक्ष विस्तार गर्नका लागि सहभागि हुन्छन् । मुख्यतः कृषिमा महिलाहरु स्वरोजगार भई आथिर्क क्रियाकलापलाई विस्तार गर्न संलग्न छन् । विशेषगरी ग्रामीण क्षेत्रमा स्वरोजगार र ज्याला रोजगारको मुख्य क्षेत्र कृषिहो जब कीशहरी क्षेत्रमा गैह्रकृषि नै रोजगारका क्षेत्र हुन् । यसको बिचमापनि ठूलो मात्रामा कृषि क्षेत्रमागरिब र उपभोगमुखी समुह स्वरोजगार छन् । कृषिमाज्याला रोजगार ३ प्रतिशत छन् भने गैह्रकृषिमा १३ प्रतिशत, कृषिमा स्वरोजगार ६१ प्रतिशत र गैह्रकृषिमा १३ प्रतिशत छन भने बाँकी ११ प्रतिशत आर्थिक क्रृयाकलापको विस्तारमा छन् (NLFS,2020) ।

नेपालमा महिला रोजगारको अवस्थालाई बुझ्नकालागि नेपालमा महिलाहरुको आर्थिक अवस्थाको बारेमाअध्ययन गर्नु आवश्यक हुन्छ । महिलाविकासकालागि राष्ट्रिय तथाअन्तराष्ट्रिय क्षेत्रमाभएका सैद्धान्तिक तथा नीतिगत व्यवस्थालाई कार्यन्वयनमा लैजानकालागि भएका संस्थागत व्यवस्था गरेको पाइन्छ । जस्तो : राष्ट्रिय मानवअधिकार आयोगको संवैधानिक व्यवस्था, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग, नेपालका सबै जिल्लामा महिला विकास कार्यालय, विभिन्न सरकारी र

गैह्रसरकारी संगठन सञ्चालनमा रहेका, सबै मन्त्रालयमा Gender Focal points व्यवस्था, बेचबिखन तथा ओसारपसारमा परेका महिलाका लागि ८ स्थानमा पुर्नस्थापना केन्द्र, यौनजन्य दुर्व्यवहारबाट प्रभावित महिलाहरुको लागि १५ जिल्लामा सेवा केन्द्र सञ्जाल स्थापना, वादी समुदायमा महिलाको लागि घरविकास योजना, अर्थ मन्त्रालयमा Gender Responsive Budgeting Committee रहेको, निजामती कर्मचारी महिला संघ, नेपाल प्रहरी महिला संघ, नेपाल इन्जिनियरिङ्ग श्रीमती संघ, जस्ता संस्थाहरुको स्थापना र तिनीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त विविध सुविधाहरु, गाँउमा कुनाकाप्चा जतातितै पुगेको सहकारी तथाआमा समुहहरु महिला विकासको एक महत्वपूर्ण पाटो हो । आर्थिक विकासको लागि राष्ट्रिय,अन्तराष्ट्रिय, संवैधानिक, साङ्गठनिक, संस्थागत, नीतिगत हरेक क्षेत्रबाट प्रयासहरु भएका छन् । विगत दश वर्षदेखि यताहेर्ने हो भने महिला र पुरुष बिच रहेको विकासको खाल्डो सानो हुँदै गएको छ तर अझै पनि महिलाहरुले सोचे अनुरुप विकास भएको छैन । यसमा अनेकौं व्यवहारिक कठिनाईहरु, परम्पराहरु, संस्कृति, अन्ध विश्वास, रितिरिवाज, भुगोल आदि कतिपय कुराहरुमा राज्यको प्रतिवद्धताको कमि आदि अनेकौं कारणहरु बाधकको रुपमा रहेका छन । समयक्रममा विस्तारै प्रगति हात पर्दै गएकोमा केहि मात्रामा भए पनि सन्तोष मान्दै महिलाका लागि व्यवस्था भएका उल्लेखित नीति, नियम, कानुन, घोषणा आदिको कार्यान्वयन गर्नु आवश्यक छ (आचार्य, २०७४) ।

रोजगार र महिलारोजगारका लेखहरु अध्ययनगर्दा सरकारले महिलाहरु उद्योग व्यवसायमा संलग्नभई उद्योग व्यवसायमाको क्षेत्रमा अगाडी बढुन भन्ने उदेश्यले महिला विकासकालागि केहि नीतिगत व्यवस्था गरेको छ जो यस प्रकार छन :

कुनै पनिउद्योग व्यवसाय सम्बन्धी नीतिनिमार्ण गर्ने तहमा सम्बन्धित औद्योगिक व्यवसायमा संलग्न आदिवासी, जनजाती, दलित, मधेशी, सिमान्तकृत वर्गका महिलाहरुको प्रतिनिधित्व अनिवार्य गरिनेछ भन्ने उल्लेख छ जसमा घरेलु तथा साना स्तरका महिला उद्यमीलाई सरल तथा सुलभ तरिकाबाट ऋण प्रवाह गर्न विभिन्न बैकिङ तथा सहकारी संस्थाहरुमा समुह ऋणको व्यवस्था गरिनेछ, उद्योग स्थापना गर्दा दिइने Venture Capital मामहिलाहरुलाई प्राथमिकता दिइनेछ, महिलाको नाममामात्र उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५ प्रतिशत छुट दिइनेछ, महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग राख्न चाहेमा विशेष प्राथमिकता दिइनेछ, महिलाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्न प्रविधि विकास सम्बन्धी तालिम, सभा, सेमिनार अध्ययनमा महिला उद्यमीहरु

समावेश गरिनेछ, विभिन्न विकास क्षेत्रहरुमा स्थापनाहुने विक्रि कक्षहरुमा महिला उद्यमीहरुद्धारा उत्पादित सामानहरुको बिक्रीकक्षको समेत व्यवस्था गरिनेछ । सरकारी निकायद्धारा सञ्चालन गरिने उद्योय व्यवसाय सम्बन्धमा महिला उद्यमी व्यवसायीहरुलाई अनिवार्य रुपमा संलग्न गराइनेछ। महिलाको नाममा मात्र दर्ता भएका उद्योगलाई औद्योगिक सम्पत्ति, पेण्टेन्ट डिजाइन र ट्रेडमार्ग दर्ता गराउँदा लाग्ने दस्तुरमा २० प्रतिशतले छुट दिइनेछ । महिला उद्यमीको विकासको लागिउद्योग मन्त्रालयमा छुट्टै महिला उद्यमशिलता विकास कोष खडा गरिनेछ । उद्योग प्रवद्धर्न सम्बन्धी योजना कार्यक्रम तथा बजेटको कार्यन्वयनलाई लैङ्गिक मैत्री तुल्याई समानताको प्रत्याभुति सुनिश्चित गर्न सम्बन्धित नीति तथा कार्यक्रमको लैङ्गिक विश्लेषण र लेखाजोखा, लैङ्गिक परिक्षण, लैङ्गिक बजेट पद्धति कार्यन्वयनमा ल्याइनेछ (अर्याल, २०६८) ।

रोजगारका संलग्न महिलाहरुको पेशागत अवस्था कस्तो छ तभन्ने सन्दर्भ गरिएको अध्ययनमा रोजगारीमा सहभागी हुनकालागी आम्दानी र कमाई महत्वपूर्ण कुरा हो । श्रम बजारमा महिलाको असमान स्थिति , कमतलब, व्यवस्थापन र निर्णयमा कम सहभागिता , कम प्रतिष्ठा र उनीहरुको रोजगारिको उच्च जोखिम र बेरोजगारिको उच्च स्तरसंग जोडिएको छ । मुख्य रुपमा परिवारमा कामको विभाजनमा समाजको परम्परागत दृष्टिकोणमा परिवर्तन आवश्यक पर्दछ , जसमापुरुष र महिला दुवै भूमिका खेल्न सक्षम छन् । महिलालाई रोजगार बजारमाउनीहरुको मूल्य सुधार गर्न प्रशिक्षण र महिला पेशागत अनुभवलाई फराकिलो बनाउनु पदर्छ  र पारम्पारिक पेशा समावेश गर्नका लागि सामाजिक नीति निमार्ण गर्नु जरुरी छ (ड्राहोमिर, सन् २००५ ) ।

रोजगारमा सहभागी भएका महिलाहरु पेशााप्रति सन्तुष्ट छन या के छन् त भन्ने विषयमा गरिएको अध्ययनमा निम्न कुराहरु भेटियो : रोजगारमा श्रमको विभाजनमा पितृसत्ता हावी भएकाले महिलाहरुलाई ज्यालाकम, कम पारिश्रमिक दिने हुनाले महिलाहरुलाई कामप्रति नैराश्यता र अलगाव हुन्छ । रोजगारको विस्तार र पितृसत्ताका सिद्धान्त बिच अनिवार्य रुपमा समान्तर छन् । पछिल्ला व्याख्याहरुले महिलाहरुलाई रोजगारको पदानुक्रममा  सबैभन्दातल्लो स्थानमा पुर्याउने प्रवृतिलाई व्याख्या गरिएको छ । धेरैले श्रम विभाजनलाई कार्य क्षेत्र, समय स्थानहरुलाई ऐतिहासिक प्रक्रियामा लिङ्गका आधारमा  हुनुपर्छ भन्ने स्वीकार गरेका छन् । कामलिङ्गका आधारमा गरिएको विभाजनले रोजगार क्षेत्रहरुको सृष्टि पितृसत्ता सिद्धान्तभित्र अनपेक्षित रुपमा झुकाब भएको छ जुन

आफैमा आलोचनात्मक छ । यद्यपी कामको संरचना र श्रमको बाँडफाँड पितृसत्तात्मक सिद्धान्तको रुपमा विभाजित छ कि छैन त्यो बुझ्न जरुरी छ । विशेषगरी महिला रोजगारी र काम गर्ने अवस्थामा धेरै समस्याहरु छन् जुनप्राथमिक रुपमा पुरुष कामदारहरुको पितृसत्तामा निर्भर छन् । महिलाहरुलाई काममा बहिस्कार र कम पारिश्रमिक ज्याला दिनुमा पितृसत्ताको मुख्यभूमिका छ (फाइन, सन् १९९२) ।

समाजमा रोजगारका विभिन्न क्षेत्रमा आवद्ध भएका महिला र पुरुषको अवस्था फरक फरक किसिमको रहेको पाइन्छ ।समाजमा थुप्रै व्यक्तिहरु शिक्षा, रोजगार, कृषि तथा घरेलु उद्योग जस्ता क्षेत्रमा तालिम प्राप्त गरी आयमुलककाममा समावेशी बनेका छन् भने यो अध्ययन काठमाण्डौका महिला बस चालकहरुमा केन्द्रितछ । यसले महिला चालकहरुको पेशागत अवस्था, बस चालक पेशा अपनाउनुका कारण र यो पेशा अपनाए पश्चात महिला चालकले भोग्नु परेका समस्याहरुको अध्ययन गरेको छ ।

## २.३ अध्ययन नभएको क्षेत्र/पक्ष

समाजमा विद्यमान भएका सामाजिक, आर्थिक र राजनैतिक जस्ता पक्षहरुको अध्ययन सामाजिक अनुसन्धानमाभईरहेकै छन् । ती सबै अध्ययनहरुले बृहत रुपमाजाति, धर्म, शिक्षा, स्वास्थ्य, कृषि लगायतसंग समबन्धितभई व्याख्या गरेको पाइन्छ । यसका साथै वर्तमान नेपाली समाजमा महिलाका विषयहरुमा पनि उत्तिकै अध्ययन भईरहेका छन् भने विभिन्न तहबाट हिंसामा परेका महिलाहरुको, उद्यमशिल क्षेत्रमा क्रियाशिल भएका महिलाहरुको, सरकारी तथा गैह्रसरकारी क्षेत्रमा संलग्न भएका महिलाहरु ल्गायत अन्य ठाँउमा सहभागी भएका महिलाहरुको सामाजिक, आर्थिक, पारिवारिक अवस्थाहरुको प्रचुर मात्रामा अध्ययन भएको देखिन्छ भने काठमाण्डौका महिलाबस चालकहरुको बारेमा अहिलेसम्म कुनै पनि अध्ययन भएको पाइएको छैन । तसर्थ यो अध्ययनले महिला चालकहरुको पेशागत अवस्था, कारण र समस्याहरुको अध्ययन गरी बस चालक पेशा अपनाएका महिलाहरु आफ्नो पेशा प्रति कत्तिको सन्तुष्ट छन, उक्त पेशामा लगानी, कमाई र बचतको अवस्था कस्तो छ, महिलाभएका कारण बस चालक पेशाको जोखिम कत्तिको छ, महिला सवारी चालकबन्दा कस्ता खालका समस्या र कठिनाईहरु भोग्नु पर्यो भनी अहिलेसम्म बस चालक महिलाको बारेका कुनै पनि अध्ययन नगरिएको हुँदा यो अध्ययन अन्य अध्ययनको तुलनामा फरक छ।

# अध्याय३

# अध्ययनविधि

## ३.१ क्षेत्रचयनको औचित्यता

यस अध्ययनलाई अगाडी बढाउनका लागि रोजगार अवधारणा अर्न्तगत गैह्र कृषि क्षेत्रमा आबद्ध सार्वजनिकबसमा संलग्नमहिलाचालकहरुको पेशागतअवस्था, यस पेशा अपनाउनुका कारण र बस चालक पेशा गरि रहदा भोग्नु परेका समस्याहरुको अध्ययनगरिएको छ । बस चालक पेशामा महिला र पुरुषदुवै संलग्न भएका छन् तर महिला बस चालकहरु करिब वि.स. २०७० साल देखि मात्र बस चालक पेशामा पेशागत रुपले लागेको पाइयो ।त्यसकारण महिला बस चालकको अध्ययन गरिने भएकाले गर्दा काठमाँडौको चक्रपथ परिक्रमा गर्ने सार्वजनिक बसहरु मध्ये महिला चालक भएका बसहरु (महानगर यातायात, नेपाल यातायात , साझा बस......) लाई मात्र अध्ययनको क्षेत्रका रुपमा छनौट गरिएको छ । यो पेशालाई महिलाहरुलाई रोजगारका लागि नँया क्षेत्र मान्न सकिन्छ ।यसर्थ यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरु उक्त क्षेत्रबाट प्राप्त गर्न सहजभएकाले अध्ययनका लागि सार्वजनिक बसहरु -महिला चालक भएका ) लाई अध्ययनको क्षेत्र रुपमा छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

समाजशास्त्रको अध्ययन, अनुसन्धानमा प्रयोग हुने विषयहरुका आफ्नै विशिष्ट अध्ययन पद्धतिहरु छन् ।ती विशिष्ट पद्धतिहरुको प्रयोगबाट प्राप्तभएको तथ्याङ्कको व्याख्या तथा विश्लेषणबाट नै समाजको अध्ययन सम्भव हुन्छ । सामाजिक अनुसन्धानमा प्राथमिक र द्धितीय तथ्यांक सङ्कलनका स्रोतहरुको प्रयोग गरिन्छ । यस अध्ययनकालागि प्राथमिक र

द्वितीय तथ्याङ्क स्रोतको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । यो अध्ययन रोजगार अवधारणा अर्न्तगत केन्द्रित छ । रोजगारको मुख्य क्षेत्र कृषिहो यसमा महिला र पुरुष दुवै स्वरोजगार छन् । रोजगारको अर्को मुख्य क्षेत्र भनेको गैह्र कृषि क्षेत्र हो, जँहा पुरुष ज्यालाका लागि र महिलाहरु आर्थिक पक्ष विस्तार गर्नका लागि सहभागि हुन्छन् । मुख्यतः कृषिमा महिलाहरु स्वरोजगार भई आर्थिक क्रियाकलापलाई विस्तार गर्न संलग्न छन् । विशेषगरी ग्रामीण क्षेत्रमा ज्याला रोजगारको मुख्य क्षेत्र कृषिहो भने शहरी  क्षेत्रमा रोजगारको क्षेत्रगैह्रकृषिहो । यो अध्ययन महिला रोजगारको सवालमा काठमाण्डौका सार्वजनिक बसका महिला चालकमा केन्द्रित छ । नेपालमा सत्तरी लाख छयासी हजार (७०,८६,०००) जनसंख्या रोजगारीको क्षेत्रमा रहेका छन । यसमा छब्बीस लाखचालीस हजार (२६,४०,०००) महिला छन । रोजगारिमा रहेका महिलाहरू मध्ये ७० प्रतिशत शहरमा र ३० प्रतिशत ग्रामीण क्षेत्रमा रहेका छन् (नेपाल श्रमशक्ति सर्वेक्षण ,२०७४/७५ को नतिजा ,वैशाख १३, २०७६) । प्रस्तुत तथ्याङ्कको आधारमा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा रोजगार महिलाको संख्या बढी देखिन्छ , जसले गर्दा रोजगारमा आबद्ध महिलाहरु सहरमा बढि उपलब्ध हुन्छन् । यसका साथै यो अनुसन्धान सार्वजनिक महिला बस चालकमा केन्द्रित भएकाले काठमाडौं चक्रपथमा परिक्रमा गर्ने सार्वजनिक बस (नेपालयातायात , महानगर यातायात , साझा बस) हरुलाई अध्ययनको क्षेत्र छनौट गरिएको हो । अध्ययनलाई आवश्यक पर्ने उत्तरदाता यहि क्षेत्रमा पाइनाले अनुसन्धानकर्तालाई उत्तरदाता समक्षपुग्न सहजभयो ।

विगत केहि दशकदेखि यता काठमाण्डौ लगायत अन्य ठाँउहरुमा महिलाहरु टेम्पो चालकभएर जिविकोपार्जन गरिरिहेका थिएभने ठुल्ठुला बस चालकमा पुरुषहरु मात्र सक्रियथिए । केहिवर्षदेखि यताह्याभि बस (महानगर यातायात, साझा बस, नेपाल यातायात) का चालकमा महिलाहरु संलग्नहुदै आएको देखिएको छ । ठुला बस चलाउन गाह्रो हुन्छ , यस्तो कठिन पेशामा महिला सहभागि बन्नुका कारण, बस चालक बन्दा भोग्नु परेका समस्या र चुनौतीहरु र उनीहरुको वतमार्नको पेशागतअवस्था कस्तो छ भन्ने कुराहरु महत्वपूर्ण हुन्छ त्यसैले गर्दा यस अध्ययनकालागि महिला बस चालकहरुलाई नै छनौट गरिएको हो ।

यस अध्ययनलाई अगाडि बढाउनका लागिबस चालक पेशामा संलग्न काठमाँडौको चकपथ परिक्रमा गर्ने सार्वजनिक (महानगर यातायात , नेपाल यातायात, साझा बस)

बसका तीन जना महिला बसचालकहरुलाई अनुसन्धानको उत्तरदाताका रुपमा छनौट गरिएको छ ।प्रत्यक्ष कुराकानी र युटुवमा उपलब्ध अन्तरर्वाताका माध्यमबाट महिलाहरुको विगत देखि वर्तमान सम्मको व्यैत्तिकविवरण  सहित बस चालकबन्नुका कारण र यसकाचुनौती र समस्याहरुको कुरा गरिएको छ । साथै महिलाहरुकालागि बस चालक पेशाको अवस्था, समस्या, पारिवारिक अवस्था , तथा सामाजिक अवस्था र भूमिका आदिको बारेमाअध्ययनगरिएको छ । साथै यो अध्ययनले महिला रोजगारलाई राज्य तथा अन्य निकायहरुले थपसुदृढ बनाउनचाहेमा सहयोग प्रदान गर्छ । अध्ययनका कममा सङ्कलन गरि प्राप्त भएका तथ्याङ्कहरुलाई विभिन्न तरिकाबाट विश्लेषण गरी अधययनको निष्कर्ष निकालिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनका लागि प्राथमिक र द्वितीय दुवै तथ्याङ्क स्रोतहरुको प्रयोग गरिएको छ । जसमा यस शोधपत्रमा महिला बस चालकको पेशागत अवस्था, महिला बस चालकहरुले बस चालक पेशा रोज्नुका कारणहरु र महिला बस चालकबनेपछि भोगेका समस्या र कठिनाईहरुकाबारेमा अध्ययन गर्ने उदेश्य राखेको हो । प्राथमिक स्रोतको रुपमा प्रत्यक्ष कुराकानी गरिएको छ भने द्वितीय स्रोतको रुपमायुटुवमा उपलब्ध अन्तरर्वाता, सम्बन्धित विषयमा भएका अध्ययन अनुसन्धान, विभिन्न सरकारी संघ संस्थाबाट प्रकाशितभएकातथ्याङ्कएवम सूचनाहरु र केहि अप्रकाशित शोधपत्रहरुलाई आधार मानेर अध्ययन गरिएको छ ।

## ३.४ शोधकालागि नमूना छनौट विधि र वैयक्तिक अध्ययन

सामाजिक अनुसन्धान गर्दा अध्ययनलाई समग्रताबाट निश्चित प्रतिनिधित्व एकाईको छनौट गरी त्यसको निष्कर्षलाई समग्रतामा लागु गर्ने विधि र प्रक्रियालाई नमूना छनौट विधि भनिन्छ । नमुना छनौटका आफ्नै अवधारणा, आकार, प्रकार, मान्यता, सावधानी र अनुसन्धानकर्ताले पालना गर्नुपर्ने नियमहरु हुन्छन् । नमुना छनौटलाई संभावनायुक्त र संभावनारहित नमूना छनौट गरी दुई प्रकारमा विभाजन गरिएको हुन्छ । यो अध्ययनकालागि नमूना छनौट गर्दा संभावना रहितनमूना छनौट अर्न्तगतको उदेश्यपूर्ण नमुना छनौट विधिको प्रयोग गरिएको छ । उदेश्यपूर्ण नमूना छनौटको प्रक्रियामा अनुसन्धानकर्ताको रुची,

आवश्यकता र अवस्थालाई मध्यनजर गरेर अनुसन्धान गर्ने क्षेत्रको समग्रता ( ग्लष्खभचकभ)बाट निश्चितएकाईको छनौट गरिन्छ। उदेश्यपूर्ण नमूना छनौट गर्दा अनुसन्धानकर्ताले कुन र कस्ता एकाई नमूनाका रुपमा छनौट गर्दा बढि सान्दर्भिक हुन्छ र सहि सूचनाप्राप्त गर्न सकिन्छ भन्ने कुराको निणर्य स्वयमले गर्ने भएकाले यस्तो किसिमको नमूना छनौट विधिलाई विवेकयुक्त नमूना छनौट विधिपनि भनिन्छ । यस्तो किसिमको नमुना छनौट विधिको प्रयोग गर्दा अनुसन्धानकर्ताले तथ्याङ्क सङ्कलनगर्दै जादा अनावश्यक दोहोरिने र प्रतिनिधित्व गर्न नसक्ने एकाईहरुलाई नमूनाको आकारबाट बढी र घटि गर्न सक्छन् ।

शोधकर्ताले आफ्नो अध्ययनलाई अगाडी बढाउने क्रममा अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । काठमाण्डौको चक्रपथ परिक्रमा गर्ने सार्वजनिकबसहरु मध्ये महिला चालक भएका बसहरु (साझा बस, महानगर यातायात, नेपालयातायात) लाई मात्र अध्ययनका लागि छनौट गरी महिला बसचालकहरुलाई उत्तरदाताको रुपमा छनौट गरि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई शोधमा आवश्उक पर्ने गरी व्याख्या र विश्लेषण गरेर अध्ययनको प्रक्रियापूरा गरिएकोछ ।

## ३.५ तथ्याङ्क संकलनविधी

तथ्याङ्क सङ्कलनकालागि उत्तरदाताहरुलाई कहाँ र कसरी भेट्ने भनेर आफुलाई जानकार भएअनुसार सबै भन्दा पहिला साझाबसको केन्द्रिय कार्यालयमा पुगेर महिला बस चालक उक्त संस्थामा कार्यरत छन् कि छैनन् भनेर बुझियो । उक्त कार्यालयबाट हालसम्म बस चालक पेशामा जम्मादुई जना महिलाहरुले काम गरेको भन्ने थाहा पाईयो र अहिले चाहिँ एकजनामात्र महिला चालक कार्यरत भएको कुरा जानकार भयो । हालकार्यरत बस चालक महिलाको परिचय र सम्पर्क नम्बर लिएर उक्त चालक महिलालाई उनीसंग के का लागि र किन भेट्न चाहेको भनेर सम्पूर्ण जानकार त्यहि कार्यालयकै कर्मचारीबाट गराइयो भने विगतमा त्यहि कम्पनीमा काम गरेर हाल छाडेकी बस चालकको पनिनाम र सम्पर्क नम्बर लिइयो र उनीसंग फोनबाटै सम्पर्क गरी प्रत्यक्ष भेटेर अर्न्तवार्ता लिने समय तय गरियो । यस्का साथै सार्वजनिक बस (महानगर यातायात) मा पनि एकजना महिला चालकले काम गरिरहेकी छन् भन्ने सुनेर महानगर यातायाातको कार्यालयमा गइयो, त्यहाँ गएर बुझ्दाउनले एक महिना अघि नै छाडि सकिन , अहिले नेपपनल यातायातको गाडी

चलाउछिन् भन्ने सुनेका छौ भन्ने कुरा आयो । त्यस पश्चात फेरी उनलाई भेट्न नेपाल यातायातको कार्यालयमा गइयो र उनललाई फोनबाट सम्पर्क गरी के का लागि भट्ने भन्ने कुरा प्रष्ट पारेर अर्न्तवार्ताका अनुरोध गरेर अर्न्तवातालिइयो ।

तथ्याङ्क सङ्कलन गर्नका लागि अनुसन्धानकर्ता स्वयम आफै उत्तरदाता समक्ष प्रत्यक्ष भेटेर कुराकानीगरिएको हो। जहाँव्यैत्तिकअध्ययनमाआधारित भई उत्तरदाताको व्यक्तिगत अध्ययन, उसको समाज, परिवार, पेशा, शिक्षा, आथिर्क, सामाजिक, राजनैतिक परिवेश आदिबारे सुक्ष्म अनुसन्धान गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

विवाह, प्रयोग गरी अर्न्तवार्ताका लागि आवश्यक पर्ने चेक लिष्टको प्रयोग गरेर प्रत्येक उत्तरदाताहरुलाई उनीहरुले भनेको समयमा छुट्टा छुट्टै भेटेर आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ अर्न्तर्वाता

अनुसन्धानकर्ताले स्वयम उपस्थित भएर उक्तनमुना छनौट गरिएका व्यक्तिहरुसंग अन्तरर्वाता लिइयो ।महिला बस चालकहरुलाई सम्पर्कमा ल्याउनकालागि साझा यातायातको केन्द्रिय कार्यालयमा गइयो र महिला बस चालकको सम्पर्क नम्बर लिइयो । त्यस पश्चात चालक महिलालाई अर्न्तवार्ता के का लागि? र किन आवश्यक छ भन्ने कुराको जानकारी फोन बाटै गराइयो । उत्तरदाताको समय अनुकुल बनाएर केहि उत्तरदातालाई घर मै गएर चेक लिष्टमा भएका प्रश्नहरुको जानकारी गराई सहज रुपमा अन्तरर्वाता लिइयो भने केहि उत्तरदाताहरुलाई अध्ययनका बारेमा सम्पूर्ण जानकारी गराई उनीहरुको व्यस्तता र सहजतालाई ध्यानमा राखीकार्यस्थल मै गएर आवश्यक तथ्याङ्क सङ्कलन गरियो ।कार्यस्थल मै गएर लिइएको अन्तरर्वातामाचालकको बारेमा बुझ्नकालागिथप मद्धत पुग्यो ।यसका साथै अन्तरर्वाताका क्रममा सोधिएका प्रश्नहरुको उत्तर चेकलिष्टमा टिप्न कठिन होलाकी भन्ने आशंखाले गर्दा उत्तरदाताको अनुमतीमा अन्तरर्वाता स्थलमा गरिएका कुराकानीलाई मोबाइलमा रेर्कड गरियो जसले गर्दाअध्ययनकालागिथप सहजतामिल्यो ।पेशाका बारेमा व्यक्तिगत जीवनमा बाधा उपन्न नहुने खालका प्रश्नहरु सोधि अन्तरर्वाताकालागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कको सङ्कलन गरिएकोछ ।

### ३.६ तथ्याङ्क संकलन र विश्लेषणको प्रक्रिया

प्राथमिक र द्वितीय तथ्याङ्क स्रोतहरुका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएकोछ । प्रश्नहरुलाई पेशागत अवस्था, कारण र पेशागत समस्या गरी तीन खण्डमा विभाजन गरेर तथ्याङ्क सङ्कलनगरिएको थियो सोहीअनुरुप तथ्याङ्कको विश्लेषण गर्दा पनि तीन खण्डमा विभाजन गरेर विभिन्न सुचकहरुमा विभाजन गरी उक्त सुचकहरुका बाररेमा अध्ययन गरिएका लेखहरुको समीक्षा राखी तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ । तथ्याङ्कलाई गुणात्मक विधिको प्रयोग गरी आवश्यक पर्ने गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## अध्याय४

## महिला बस चालकहरुको पेशागत अवस्था, कारण र समस्या

नेपालमा रोजगारका लागि अधिकांश क्षेत्रहरु छन् ।महिला रोजगारको सवालमा कुरा गर्दा नेपालका ग्रामीण भेगका महिलाहरु प्रायः कृषि क्षेत्रमा आबद्द छन् भने शहरी क्षेत्रका महिलाहरु गैह्र कृषि क्षेत्रहरुका साथै सरकारी कर्मचारी र निजी संस्थाहरुमा कामगरिरहेको पाइन्छ । रोजगार अवधारण अर्न्तगत गैह्र कृषि क्षेत्रमा पर्ने ड्राइभिङ्ग पेशामा केन्द्रितभई महिला बस चालकको पेशागत अवस्था , कारण र समस्याहरुसंग सम्बन्धितभई गरिएको यस शोधपत्रमा संख्याात्मक रुपले हेर्दा काठमाँडौको चक्रपथ परिक्रमा गर्ने सार्वजनिक बसहरु साझ बस , नेपाल यातायात , महानगर यातायात आदिका बस चालकको व्यैक्तिक अध्ययन गरिएको छ । बस चालक महिलाहरुका व्यक्तिगत कुरा , पारिवारिक अवस्था  र समस्याहरु रकार्य क्षेत्रमाआई परेका समस्याहरुलाई समाधान गर्न गरेका प्रयासहरु साथै महिला रोजगार बन्नका लागिशिक्षा र तालिमको महत्व, पारिवारिक अवस्था, महिलाको भूमिकामा आएको परिवतर्न आदिका बारेमा तथ्याक संकलनगरिएको छ । उक्त बस चालकहरुको अध्ययनगर्दा विभिन्न तथ्याङ्कहरु उपलब्ध भएका छन् ती उपलब्ध तथ्याङ्कहरुलाई आवश्यक शीर्षकहरुको माध्यमबाट व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ पेशागतअवस्था

पेशाागत अवस्था भन्नाले कुनै पनि पेशामा आवद्ध व्यक्तिहरुले उक्त पेशामा के गरिरहेको छ ?उसको कमाई , बचत र लगानीको अवस्था,उक्त पेशामा लाग्नकालागि शैक्षिक योग्यताको आवश्यक, शिक्षा र तालिमको महत्व , अन्यले गर्ने सामाजिक र आर्थिक व्यवहारहरु लगायतका कुराहरु पर्दछन् । यसकाअलवा बस चालक पेशागरिरहँदा महिलाहरुले कसरी घर परिवार व्यवस्थापन गरेका छन् , अन्यकामको तुलनामा यो काममा कत्ति समय खटिनुपर्छ , यो पेशामा लाग्नु पूर्व के गर्थे र कालान्तरमा यहि पेशामा लाग्छन की के योजना छ  लगायतका विषयहरुमा यस खण्डमा व्याख्या र विश्लेषण गरिएको छ ।

### (क) कामगर्न थालेको समयावधि र दैनिककाम गर्ने घण्टा

नेपालमा कृषि क्षेत्रमाकाम गर्नुका अलावा अस्पताल , स्कुल , कलेज , सरकारी र निजी कार्यालयहरु लगायतअन्य क्षेत्रहरुमा हिँउदको समयमा बिहानको १० बजेदेखि बेलुकाको ४ बजेसम्म र बर्खाको समयमा बिहानको १० बजेदेखि बेलुकाको ५ बजेसम्म कार्यालयहरु सञ्चालन हुने गरेका छन् । नेपाल सरकारले तोकेको दिन सरकारी कार्यालयहरु पूर्ण रुपमाबन्द हुन्छन भने अन्य निजी कार्यालयहरु पनि केहि मात्रामा बन्दहुने गरेको पाइन्छ । तर , सरकारले तोकेको समय तालिकालागु नहुने ठाँउहरुमा (ईट्टाभट्टा , कल कारखाना ) पनि मानिसहरु कार्यरत छन् ।

त्यस्तै रोजगारमा आबद्धभएका धेरै मान्छेहरुले रोजगारी पाएको अर्को क्षेत्र हो सार्वजनिक यातायात । सार्वजनिक बसमा कम्तीमा एउटा बसमाचालक र परिचालक गरी दुई जना व्यक्ति कार्यरत हुन्छन् । बिहानमानिसहरु आवतजावत गर्ने समयदेखि राती नौ बजेसम्म सडकमा गाडीहरु गुडिरहेको हुन्छन्  । यस्ता कार्य क्षेत्रमाकाम गर्ने व्यक्तिहरुको समय तालिका कस्तो छ ? , दिनमाकत्ति घण्टा काम गर्छन् ? ,महिनामाकतिदिनकाम गर्छन ?भन्ने लगायतकाम गर्न थालेको कत्ति समय भ यो भन्नेकुरा योअध्ययनमा महत्वपूर्ण पक्षहो, त्यसैले यिनै विषयहरुलाई यहाँ समेटेर अध्ययनगरिएको छ । यसै विषयहरु केन्द्रितभई शोधकालागि आवश्यक तथ्याङक सङकलन गरिएको छ । कामगर्न थालेको समयावधी र दैनिक काम गर्ने घण्टा सम्बन्धी अर्न्तवार्ताका क्रममा महिलाहरुले निम्न कुरा बताए :

*ड्राइभिङ गरेको १८,२० वर्ष भयो । सुरुवात ट्याम्पो देखि भएको हो । त्यसपछि ट्राभल एजेन्सी मिनी बस चलाइयो । त्यहाकाम छाडेर माइक्रो चलाउनथाले ।यो साझा बस चलाउनथालेको चाँहि २०७० सालदेखि हो अहिले यहि बस चलाइराखेको छु । अब पाएसम्म समयले साथदियो भने नेपाल देखि भारतसम्मको ठूलो बस चलाउन मन छ ।*

बस चालकमहिलाहरुको भनाई अनुसार उनीहरु ड्राइभिङ पेसामालागेको समय अवधि त करिब दुई दशकभएको रहेछ । ट्याम्पो लगायत फरक फरक मिनीबस,माइक्रो गाडीहरु चलाउदै गएर अनुभव र सीप सिक्दै गए पछि मात्र ठूला बसहरु चलाउन सक्ने भएका रहेछन् । साना गाडी देखि अनुभव बटुल्दै ठूला गाडीहरु चलाउनथालेका महिला बस चालकहरुले आगामीदिनहरुमाअवसर पाएभने नेपाल देखि भारत सम्मका गाडीहरु चलाउन सक्ने हिम्मत राखेका रहेछन् ।

गाडी चलाउने काम फरक फरक घण्टा भित्रगर्दा रहेछन् । यस शिलशिलामामहिलाहरुको भनाई यस प्रकार रह्यो :

*काममानिस्केको दिनआफुले चलाएको गाडि बिचमा छाड्न त मिल्दैन चलाएको दिनमा १२ देखि १५ घण्टा त अनिवार्य चलाउनै पर्छ । बिहान४  बजे घरबाट निस्कन्छु त्यसपछि एकै चोटि बेलुका ९ बजे तिर घर फर्किन्छु । महिनामालगभग २० दिनकामगर्योभने घण्टाको हिसाबले गन्दा ३० दिन बराबरको काम हुन्छ ।*

सरकारी र निजीकार्यालयहरु लगायतअन्य क्षेत्रहरुमाहिँउदको समयमाबिहानको १० बजेदेखि बेलुकाको ४ बजेसम्म र बर्खाको समयमाबिहानको १० बजेदेखि बेलुकाको ५ बजेसम्म कार्यालयहरु सञ्चालनहुने गरेका छन् तर बस चालकमहिलाहरुले गाडी चलाएको दिनमा केहि घण्टा होइनकीदिनभर र थप घण्टा कामगर्दा रहेछन । अन्यक्षेत्रमाकाम गर्ने महिला र पुरुषकामदारहरुले दिनमा७-८ घण्टा काम गर्छन भने यसकोतुलनामा बस चालकहरुलेदिनको १२ देखि१५ घण्टा सम्म कामगर्दा रहेछन । अन्यकामको तुलनामा बस चालकको दैनिककाम गर्ने घण्टाकरिब दोब्बर घण्टानै बढि रह्यो । सामान्यतया सरकारी क्षेत्रमाकाम गर्ने कामदारको तुलनामानीजि क्षेत्रमाकाम गर्ने कामदारहरुको दैकि कार्यघण्टा बढि नै हुने गरेको पाइयो ।

**(ख) महिलाचालकहरुको कमाई, बचतरखर्च**

कुनै पनिव्यक्ति रोजगार बन्नु भन्दाअगावै उक्तकाम गरे वापतको तलबरकमाईको अवस्थाबुझ्नु जरुरी हुन्छ ।नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयले २०७८ साउन १ गते देखि लागु हुने गरी चियाबगानबाहेकका श्रमिकका लागिन्युन्तममासिकपारिश्रमिक १५००० (महङ्गीभत्ता सहित) निर्धारण गरेको छ । दैनिकज्यालादारी गर्ने हरुलाईन्युनतम रु ५७७ र प्रति घण्टा रु७७ का दरले ज्यालादिने व्यवस्था छ । त्यस्तै दैनिकज्यालादारी गर्नेले बिदापाउँदैनन् भने । मासिक रुपमाकाम गर्नेले तलबीबिदापाउने प्रावधान रहेको छ ।

रोजगारमा सहभागीहुनकालागिआम्दानी र कमाई वर्तमानको पुँजीवादी समाजमा सबैभन्दा महत्वपूर्ण कुरा हो । श्रम बजारमामहिलाको असमान स्थिति ,कमतलब, व्यवस्थापन र निर्णयमाकम सहभागिता , कम प्रतिष्ठा र उनीहरुको रोजगारिको उच्च जोखिम र बेरोजगारिको उच्च स्तरसंग जोडिएको छ । मुख्य रुपमा परिवारमाकामको विभाजनमा समाजको परम्परागत दृष्टिकोणमा परिवर्तन आवश्यक पर्दछ , जसमापुरुष र महिलादुवै भूमिका खेल्न सक्षम छन् । महिलालाई रोजगार बजारमाउनीहरुको मूल्य सुधार गर्न प्रशिक्षण र महिला पेशागतअनुभवलाई फराकिलोबनाउनु पदर्छ र पारम्पारिक पेशा समावेश गर्नका लागिसामाजिकनीति निमार्ण गर्नु जरुरी छ(ड्राहोमिरा सन् , २००५) । यो अध्ययनको शिलशिलामा छनौट लिइएको अन्तरर्वातामामहिला बस चालकले भनेका वाव्यक्त गरेको भनाई यस किसिमको छ :

> *साझाबसले तोकेको तलब १२,००० हो । दैनिक गाडी चलाएको दिनकोभत्ताहरु हुन्छ। त्यस्तै हो जम्मा ३०, ३५ हजारसम्मकमाई हुन्छ महिनाको ।यात्रुको चाप हेरी ड्राइभिङ गरेको दिनको एक हजारसम्म हुन्छ। मेरो अहिले सबै रकमखर्च भएको छ , खर्च हुन्छ नानीबाबुहरुको लागि । त्यो व्यवस्था जसरी पनि गर्नै पर्छ । पैशा त बच्चाको स्कुलफि , घरायसी क्षेत्रमा नै खर्च हुन्छ । घर व्यवहार आफैले गर्नुपर्छ । बच्चाहरु छन् खर्च हुन्छ । कहिले कसो चाँहि बचत गर्ने गरेको छु । बचत त गर्यो के के समस्या आइलाग्छ फेरी खर्च गर्नै पर्ने हुन्छ । कहिले आफै बिरामी भइन्छ कहिले बच्चा यस्तै छ ।*

बस चालकमहिलाहरुकोऔषतमातीस हजारसम्म कमाई हुने देखियो । कामको अवस्था हेर्दा आफुले जति बढी कामगर्यो तलबभत्तापनित्यहिअनुपातले बढ्ने र घट्ने रहेछ । महिलाहरुले दैनिकज्यालामाकाम गरेकालेकाममानगएको खण्डमा दैनिकतलबनआउने रहेछ । चालकमहिलाहरुकोकमाईको बचत र लगानीको अवस्था के छ भनेर बुझ्दा यो पेशामा आबद्ध प्राय सबै महिलाहको कमाई घर व्यवहार मै खर्च गर्ने गरेका रहेछन । आम्दानीगर्न थालेका महिलाहरु नै परिवारको आर्थिक व्यवस्थापन गर्नेप्रमुखव्यक्तिअर्न्तगर्त रहेर भूमिकानिवार्ह गरेको भेटियो । छोराछोरीको शिक्षा , स्वास्थ्य , खानपान , लत्ताकपडा देखि लिएर अन्य घरायसीखर्च समेत आफ्नै कमाईले व्यवस्थापनगर्नालेकमाई बचत नहुने रहेछ ।

अन्यश्रमिकहरुको तुलनामा बस चालक पेशामा संलग्नमहिलाहरुको कमाई दोब्बरले नै बढि देखिन्छ । रोजगारमा आबद्ध भएकामहिलाहरुको श्रम बजारमाकमतलब, निणर्यमाकम सहभागिता हुन्छ भन्ने गरिन्छ तर बस चालकमहिलाहरुको कमाईको अवस्था हेर्दा ज्यालामाअसमानता र कमतलबदिने गरेको पाइएन् । निर्णय गर्ने कुरामा समेत उनीहरु परिवारको प्रमुखव्यक्तिभएर भूमिकामानिर्वाह गरेको पाइन्छ । परिवारको सम्पूर्ण खर्च आफ्नै कमाईबाट परिपूर्ति गर्नाले कमाईको केहि अंशपनि बचत हुदैन भन्ने कुरा देखियो । विगतको नेपाली समाजमाबुबा घरको मुख्य मान्छे भए जस्तै रोजगारमा आबद्धभएकामहिलाहरु आथिर्क रुपमा सबल बनेपछि घरको मुख्य मान्छे समेत आफै बनेको पाइयो ।

**(ग) पेशागतसन्तुष्टि र अपेक्षा**

रोजगारमाश्रमको विभाजनमापितृसत्ताहावीभएकाले महिलाहरुलाई ज्यालाकम,कमपारिश्रमिकदिने हुनाले मलिाहरुलाई कामप्रति नैराश्यता र अलगाव हुन्छ । रोजगारको विस्तार र पितृसत्ताका सिद्धान्त बिच अनिवार्य रुपमा समान्तर छन् । पछिल्ला व्याख्याहरुले महिलाहरुलाई रोजगारको पदानुक्रममा सबैभन्दातल्लो स्थानमापुर्याउनेप्रवृतिलाई व्याख्यागरिएको छ । धेरैले श्रम विभाजनलाई कार्य क्षेत्र, समय स्थानहरुलाई ऐतिहासिकप्रक्रियामालिङ्गकाआधारमा हुनुपर्छ भन्ने स्वीकार गरेका छन् । कामलिङ्गकाआधारमागरिएको विभाजनले रोजगार क्षेत्रहरुको सृष्टि पितृसत्ता सिद्धान्तभित्र अनपेक्षित रुपमाझुकाबभएको छ जुनआफैमाआलोचनात्मक छ । यद्यपीकामको संरचना र श्रमको बाँडफाँड पितृसत्तात्मक सिद्धान्तको रुपमाविभाजित छ कि छैन त्यो बुझ्न जरुरी छ । विशेषगरी महिला रोजगारी र काम गर्ने अवस्थामा धेरै समस्याहरु छन् जुनप्राथमिक

रुपमापुरुषकामदारहरुको पितृसत्तामानिर्भर छन् । महिलाहरुलाई काममाबहिस्कार र कमपारिश्रमिकज्यालादिनुमापितृसत्ताको मुख्यभूमिकाछ (फाइन, सन्१९९२) ।

बस चालकमहिलाहरुलाई उनीहरुको पेशाप्रति सन्तुष्ट छन या छैनन भनेर गरिएको अर्न्तवार्तामाउनीहरुले निम्न कुराहरु बताए :

*महिला र पुरुषहरु बराबरी हो भन्छन अहिलेको समयमा तर व्यवहारमात्यस्तो छँदै छैन । पुरुषले गर्ने काममामहिलागयो भने कामनपाउने डर हुन्छ तर कामपाइसकेपछि हामीले चलाएको गाडी र पुरुषले चलाएको गाडी उस्तै तरिकाले गुड्ने हो । केहि मिस्टेक भएर गाडीहरु ठोकिइहाल्यो भने चालकमहिला देखे भने ए केटीले चलाएको रहिछ र पो दुर्घटना भएछ भनेर भन्छन । पुरुषहरुले चलाएका गाडीहरु चाहिअहिले सम्म दुर्घटना नै भएको छैन त । म आफै अहिले पुरुषभएको भए नेपालभारत मैत्री सेवाको गाडी चलाई सक्थे तर म महिलाभएकाले अझैसम्म चलाउनदिइएको छैन ।गाडीको साहूहरुले गाडी चलाउनै दिदैनन् । सीप र आँट भएर मात्र के गर्नुअवसर नदिए पछि । राज्यले आफै गाडी हालेर महिलाहरुलाई चालककातालिमहरु सिकाएर महिला रोजगारलाई सुनिश्चितता गरे त काम छाड्न मन लाग्दैन थियो होला । बल र बैंशभइन्जेललाई त हो बस चलाउन सक्ने ।भविश्यमापनिकेहि राहतमिल्ने भए त राम्रो हुन्थ्यो ।हामीमहिलाहरु घर पालुवाहैन । श्रीमानको कमाई खाएर बस्दा कति हेला हुन्छ । घरबाट काममा आइन्छ ।कहिले बिनागल्तीअरुको भनाई खानुपर्छ ।कहिले आफुले गाडी कत्ति सचेत भएर चलाइराखेके हुन्छ पछाडी देखि द्रुतगतिमाल्याएर ठोकाइदिन्छन् अनि ठूलो गाडीको दोष देखाएर पैसा तिर्नु पर्छ त्यो बेलामाचाँहिकाम छाड्दिउ जस्तो लाग्छ । यो पेशामा सत्य चाँहिहुदैन रहेछ । ट्राफिक पुलिसहरुले पनि ठूलै गाडीहरुको दोष देखाउछन् । गल्तीत सबैको हुन्छ । अनीदोषचाँहिकिन ठूला गाडीहरुलाई मात्र लगाइन्छ ?मान्छेहरु हतार हतार गरेर कुदाउछन् । गाडीको छेउमै लगेर राख्छन् । ठूलो गाडी हुन्छ पछाडी देखिदैन् अनि छेउमै जोडेर राखेपछि ठोकिन्छ नी । गल्ती सबैले गर्ने दोष जति ठूला गाडीहरुको देखिन्छ । यो सोच विचारलाई चै परिवतर्न गरेर यो पेशालाई सम्मानतरिकाले हेरिदिएहुन्थ्यो जस्तो लाग्छ ।*

बस चालकमहिलाहरु भन्छन् पुरुष र महिला बराबर हो भनिन्छ तर व्यवहारमात्यस्तो छैन । पुरुषले मात्रगरिराखेका कामहरुमामहिला सहभागिहुनखोज्दाकामनदिने रहेछन् । गाडी चलाउदै जादा सानागल्तीहरु भइहाले भने पनिमहिलाभएकाले दुर्घटना भएको हो भन्दा रहेछन् ।आफु पुरुषभएको भएलामो दुरीकाबसदेखि नेपालदेखि भारत सम्मकाबसहरु कुदाउन सक्थ्यौ तर हामीमहिलाभएकाले हामीलाई विभिन्नबाहना गरेर कामदिइदैन भन्छन् । महिलाहरुको सीप र आँट भएर पनिअवसर पाइदैन भन्ने महिला बस चालकहरुको बुझाइ रहेछ ।

बस चालकपेशाआफ्नो बल र उमेर हुँदासम्मलाई मात्रहो , हाललाई कमाई राम्रै भएपनिभविष्यकालागिचिन्तित नै रहेछन । सडकमा बस गुडाइरहँदा अरु साधनले बसलाई पछाडि देखि ठक्कर दिएभने पनिआफु महिलाचालकभएको र गाडी ठूलो भएकाले आफ्नै गल्ती देखाएर आरोप लगाउदाचाहिदुःखीहुँदारहेछन । ट्राफिकहरुले पनि ठूला गाडी र चालकहरुको कमजोरी हो भनेर बिनागल्ती पैसा तिराउदाचााहि राज्यको नीति संगै गुनासो रहेछ । चालकमहिलाहरुलाई गाडीका साहूहरुले बस चलाउननदिने हुदाचाहि राज्यले नै सरकारी गाडीहरु राखेर महिलाहरुलाई चालक सम्बन्धीतालिमहरु दिएर चालक पेशामामहिलाहरुलाई प्राथमिकतादिएहुन्थ्यो भन्ने आकांक्षाव्यक्त गरे ।महिलाहरु कामगर्न सक्षमभएपनिसहजै कामनदिनाले समाजमाअझै लैङ्गिकविभेद कायमै छ भन्न सकिन्छ । बस चालकपेशामालागेका महिलाहरुलाई दीर्घकालीन रुपमालाभलिनमिल्ने बनाईदिएभविष्यको चिन्ताकमहुने थियो भन्ने आशासमेत चालकमहिलाहरुको रहेछ ।

### ४.२पेशागत कारण

समाजमा धेरै किसिमका पेशाहरु छन् ।नेपाली समाजमा हेर्ने हो भने जात , वर्ग ,लैङ्गिकता जस्ता विषयहरुले व्यक्तिले के गर्ने भन्ने कुरामाप्रभावपारेको थियो । कुनजातले के गर्ने , कुनवर्गको मान्छेले के गर्ने , महिलाले गर्न नहुने पुरुषले मात्र गर्नहुने भन्ने धेरै कामहरुले गर्दा पेशा छनौटमा एक किसिमको विभेद ने देखिन्थ्यो । तर ,हालको समयमाभने समाजमा पेशा छनौटमा व्यक्तिको क्षमता , योग्यता र इच्छा लगायतअन्य कुराले निर्धारण गर्दछ ।

नेपालको मुलुकी ऐनले परम्परागत वर्ण व्यवस्थालाई मूर्त रुप दियो । चार वर्ण र छत्तिस जातभनीतहगत प्रणालीमा विभाजन गरेपछि सबै जातकाव्यक्तिलाई काम र पेशाअलग्याइयो र समाजमाश्रम विभाजनगरियो । तर राजनैतिक र आर्थिक विकासले गर्दा जातीव्यवस्थालाई भत्काउनकालागिदबाबदियो । यसका साथै सामाजिकगतिशिलताले पनिजातीगतबाधाहरुलाई हटाउनका लागिसजिलो बनायो । हालकुनै जातको सदस्यले पेशालाई नियन्त्रित गर्न भने सक्ने अवस्था छैन (सुवेदी, मितिनभएको) ।

सार्वजनिक बस चालक पेशामा आबद्ध महिलाहरुले के कस्ता कारणहरुले चालक पेशाअपनाएकाहुनभन्ने कुरा रुचिको विषयहो । महिलाहरुले बस चालक पेशा रोज्नुका कारणहरु माथि केहि विश्लेषण गरिएको छ ।

साझा बस चालक भन्छिन् *"मैले ड्राइभिङ्ग क्षेत्र रोज्नु भन्दापनि ड्राइभिङ्ग क्षेत्रले मलाई रोजेको जस्तो लाग्छ । ६१ सालदेखि ड्राईभिङ्ग गरेको हो । कत्ति पढेलेखेको मान्छेले त कामपाउन सकेका छैनन् मैले त पढन पाईन् त्यहिभएर ड्राइभिङ्ग क्षेत्र रोजेको हो ।कामसिके पनिकामपाउनगाह्रो थियो । डेढ वर्ष ट्याम्पो चलाए । ट्याम्पो चलाउँदात्यो बेलामाआफुलाई पेशाचाहिएको थियो । मलाई एकदमजबको खाँचो थियो आर्थिक स्थितीले गर्दा । ट्याम्पो चलाउदाकमाई राम्रै थियो । काठमाँडौमा कोठाभाडा तिर्न, खान, बाबु पढाउन पुग्थ्यो भनौ न"*। यसैगरी नेपालयातायातकी बस चालक को भोगाई यस्तो छ : *म श्रीमानसंग बस्न नसक्ने भँए , बच्चा सानो छ पिटेको पिटेकै गर्ने । डिभोर्सपनिदिनुहुन्नभन्ने । नेपालमाजँहागएपनि नछाडने, चर्चमापनिकत्तिजाने कति रुने । अनिमेले मेरो लडाँई मैले नै लडने हो भनेर बच्चालाई भैरहवाको अनाथआश्रममा छाडेर म साउदीगए । विदेशगएको ५ महिनामै फर्केर आए । विदेशबाट आउदा १ लाखलिएर आको थिए। म काठमाण्डौमा ट्याम्पो सिक्नगए, त्यँहा पुरुषहरुबाट राम्रो व्यवहार भएन् र सिक्न छाँडे । केटाहरुले जिस्काएको सहन सकिनअनि फेरी कान्तिपुर ड्राइभिंग सेन्टर बागबजारमा ५,००० तिरेर कार सिक्नगए । पच्चिस दिनमा धेरै मान्छे चिने, धेरैले कार र ट्याम्पोको फम भर भने । त्यसपछि ट्रायल दिनजाँदा ट्याम्पो छुदै नछोको चाँहिपास भए कारमा फेल भए । फेरी फम भरेर आएर ट्रायल दिएअनिपास भँए२०६१ सालकात्तिकमा ट्याम्पो चलाए त्यसपछि अहिले बस तिर आएको छु । क*

**(क)शिक्षा र तालिमको महत्व**

रोजगारका क्षेत्रहरु अर्न्तगत धेरै ठाँउहरुमाऔपचारिक शिक्षा एस.एल.सि वा एस.ई.ई. वामान्यताप्राप्त शैक्षिक संस्थाहरुबाट सो सरहको तह उत्तीर्ण गरेको हुनुपर्दछ । वर्तमानको समयमाशिक्षामानवजीवनकालागिअपरिहार्य बनेको छ । विज्ञान प्रविधिको आविस्कारले गर्दा एकातर्फ दैनिकजीवन सहजबन्दै गएको छ भने अर्को तर्फ प्रविधिका सामानचलाउनकालागिनयाँ ज्ञानहरुको आवश्यक पर्ने हुँदाअशिक्षित र अयोग्यव्यक्तिहरुकालागिजीवनयापन कठिन पनिबन्दै छ । मानवजीवनलाई सहजबनाउनकालागि समय अनुसारको शिक्षा र तालिमको आवश्यक बढदै गएको देखिन्छ ।यसका साथै रोजगारका केहि त्यस्ता क्षेत्रहरु पनि छन जहाँ शैक्षिक योग्यताकमभएतापनिकामप्रतितालिमलिएरदक्ष छ भने रोजगारी गरिरहेका ।

शिक्षा र तालिमलेमानवजीवनमा रोजगारका विविधताहरुसंग संघर्ष गर्नका लागि बाटो तय गर्छ । यसले समाजिक, आर्थिक तथाविभिन्नपक्षहरुमाआफ्नो पेशामा योग्यता र प्रतिष्ठा निर्धारण गर्न योगदान दिन्छ । अशिक्षितको तुलनामाउच्चशिक्षाप्राप्त मान्छे बेरोजगार हुने जोखिमकम हुन्छ । अन्यदेशहरुको तुलनामाप्रशिक्षकतालिम प्रणाली भएका देशहरुमायुवा बेरोजगार कम हुन्छ । उन्नाइसौं र बिसौं शताब्दीमाशिक्षामानवजीवनको सबै भन्दा महत्वपूर्ण निर्धारक तत्वबन्नपुग्यो । शिक्षा र रोजगारका उपलब्ध अनुसन्धानहरुले शैक्षिकविस्तारको प्रक्रियाले मानिसको पेशा (क्यारियर) सफलतामापुग्ने निष्कर्ष निकालेका छन् (टिच्लर , सन् २००२) ।

तथ्याङ्क संकलनकाक्रममा पेशा छनौट गर्नुका कारणहरुमध्येशिक्षा र तालिमको महत्वकाबारेमाउत्तरदाताहरुको भनाई यस प्रकार छ :

*अरु काम गरौ भन्दाआफुले धेरै पढ्न सकिएन । ५ कक्षा पढ्दा पढ्दै पढ्न छाडियो । पहिलाको जमानामा छोरीहरुलाई त्यत्ति पढाउदैनथे । पढ्न पाएको भए त अरु पनिकामगरिन्थ्यो होलानी ।*

*काठमाडौमा ट्याम्पो सिक्नगए, त्यँहा पुरुषहरुबाट राम्रो व्यवहार भएन् र सिक्न छाँडे । केटाहरुले जिस्काएको सहन सकिनअनि फेरी कान्तिपुर ड्राइभिंग सेन्टर*

*बागबजारमा ५,००० तिरेर कार सिक्नगए । पच्चिस दिनमा धेरै मान्छे चिने, धेरैले कार र ट्याम्पोको फम भर भने । त्यसपछि ट्रायल दिनजाँदा ट्याम्पो छुदै नछोको चाँहिपास भए कारमा फेल भए । फेरी फम भरेर आएर ट्रायल दिएअनिपास भँए । त्यस पछि यहिपेशामालागेर व्यस्तहुनथालियो । म सानो हुँदा पुरुषहरुले गाडी चलाउँदा कसरी चलाएको होला जस्तो लाग्थ्यो । मलाई पनिसिक्न मन लाग्यो त्यस पछि घर मै सिके पछि सेन्टरमागएर सिकेरलाईसेन्स लिए , चलाउदै गए , अब त बानीभयो । तालिमलिए पछि ,सिके पछि चाँहि केहि कुरा पनिगाह्रो हुन्छ जस्तो चाँहिलाग्दैन अहिले ।*

बस चालकपेशाभन्दा अरु कम गर्नका लागिआफुले धेरै नपढेकाले अरु काम गर्न सकिदैन भन्ने सोच रहेछ । पढन पाएको भए अरु नै कामगर्न सकिन्थ्यो होलाभन्ने आकाङक्षा रहेछ । धेरै पढन नसकेकाले पनि यो पेशा गरेका रहेछन् ।बस चालकभन्दा राम्रो कामको चाहनाभएको समेत बताए । ड्राइभिङ सिक्नगएका ठाँउहरुमा राम्रो व्यवहार नभएकाले सिक्न छाडेर पनि फेरी सिकेरै छाडछु भन्ने अठोट र हिम्मतले सिक्न सफलभएका रहेछन् । पहिलो पटक फेलभएर पनि पटक पटकको असफल पछि पनिपूर्नः प्रयत्न गरेर कामप्रति सफलभएको अनुभवपनिव्यक्त गरे यसका साथै काम गर्नै पर्ने बाध्यताभएकाले पुरुषले गर्ने काममहिलाले पनि गर्न सक्छन् भन्ने लागेर जोखिमव्यर्होन समेत पछि नपरेर बस चालक पेशा रोजेका रहेछन् ।

पितृसत्ता संरचनाभएका समाजमाछोरीलाई पढाउन हुदैन भन्ने सोचले गर्दा बस चालकमहिलाहरुलेपनि पढन पाएनछन् । विशेषगरी महिला रोजगारी र काम गर्ने अवस्थामा धेरै समस्याहरु छन् जुनप्राथमिक रुपमापुरुषकामदारहरुको पितृसत्तामानिर्भर छन् । महिलाहरुलाई काममाबहिस्कार र कमपारिश्रमिकज्यालादिनुमापितृसत्ताको मुख्यभूमिका छ ( फाइन, सन् १९९२) । शिक्षा, तालिम र अवसर दिनु हो भने महिलाहरुले पनि पुरुषहरु सो सरह काम गर्न सक्छन् भन्ने कुरा बस चालकमहिलाहरुको भोगाईमा देखिन्छ । उन्नाइसौं र बिसौं शताब्दीमाशिक्षामानवजीवनको सबै भन्दा महत्वपूर्ण निर्धारक तत्वबन्नपुग्यो । शिक्षा र रोजगारका उपलब्ध अनुसन्धानहरुले शैक्षिकविस्तारको प्रक्रियाले मानिसको पेशा (क्यारियर) सफलतामापुग्ने निष्कर्ष निकालेका छन् (टिच्लर, सन् २००२) । महिलाहरुलाई शिक्षा , तालिम र अवसरबाट बञ्चितनगराउनु र पुरुष सो सरह समानव्यवहार, शिक्षादिनु हो भने

समाजमामहिला बेरोजगार घटेर जाने रहेछ । पेशा छनौटका लागि शैक्षिकअवस्थाले पनिउत्तिकै प्रभावपार्ने कुरा पनिहाबीभएको छ ।

### (ख)महिलाको भूमिकामाआएको परिवर्तन

प्रायः संसारका सबै समाजहरु पितृसत्तात्मक छन् र नेपालपनिपितृसतात्मक देश हो हामी सबै जानकार नै छौ । पितृसत्तात्मकभन्ने बितिकै उक्त समाजमा पुरषहरुको भूमिकामहिलाको भन्दा स्वतहउच्च हुन्छ । समाज, सन्दर्भ र ठाँउ अनुसार Gender को अभ्यास  फरक हुन्छ भने भूमिका के हुने भन्ने कुरा सामाजिकीकरणबाट निर्धारण हुन्छ । विगतमाSex काआधारमा लैङ्गिकभूमिकानिर्धारण गरिन्थ्यो भने वर्तमानमाक्षमता र गुणको आधारमाकसले के गर्ने भन्ने कुरा निर्धारण हुने भएकाले  लैङ्गिकभूमिकामा परिवर्तन भइरहेको देख्न सकिन्छ (जेन्डर आटिकल) । महिलाहरुले बस चालक पेशा रोज्नु र यहि पेशामाकाम गर्न पाउनु पनिमहिलाको भूमिकामाआएको परिवतर्नको परिणाम हो ।

महिलाको भूमिकामाआएको परिवतर्नका सम्बन्धमाआइरिस समाजमागरिएको एउटा लेखमा हेर्दा महिलाहरुलाई घर बाहिरको काममा संलग्नहुनकालागिलामो समयसम्मको प्रयास पछि मात्र सम्भव भएको पाईन्छ । सुरुवाती चरणमा घर बाहिरको काममा सहभागिहुनकालागिआईरिसका महिलाहरुले घरभित्र र बाहिर दुवैतिर कार्य गर्नुपर्ने समस्याहरु देखियो । जबबाट महिलाहरु घरबाहिर आम्दानी बढाउने कार्य लगायत सामाजिक सहभागिता बढाउन थाले तबबाट आत्मनिर्भर बनेको कुरा यो लेखबाट प्रष्ट हुन्छ । महिलाको स्वरोजगार तथाज्याला रोजगारमा वृद्धि भएसंगै पाारिवारिक अवस्था र शिक्षामा समेत प्रत्यक्षप्रभाव परेको देखिन्छ । मुख्यतः घर बाहिरका कामहरुमा सहभागिताहुनासाथआथिर्क, राजनैतिक, शैक्षिकलगायतकाअन्य क्षेत्रमा स्वतह सहभागिता बढ्ने कुराको चर्चा गरिएको छ । सन् १९९८ देखि २००८ सम्म दशवर्षको समय अवधिमा रोजगारमा सहभागिभएकामहिलाहरुको संख्या हेर्दा निरन्तर रुपमा बढदो देखियो।

आइरिस समाजकामहिलाहरुले घर बाहिर रोजगारका क्षेत्रमा सहभागिता बढाउदै गएपश्चातमहिलाहरुको एकता बढ्दै गएको  र उक्त क्षेत्रमाआफुलाई अनुकुलवातावरण बनाउनकालागि सफलभएसंगै राज्यको सम्रचना नै परिवतर्न गराएको घटनालाई हेर्दा महिलाको भूमिकामा परिवतर्न भएको गतिलो उदाहरणको रुपमाआइरिस समाजलाई लिन

सकिन्छ । सामाजिक साथै आर्थिक गतिविधिमा सहभागिता बढाएसंगै महिलाहरु घर, परिवार, समाज र राष्ट्रमा समेत पुरुष सरह स्वतन्त्र रुपमाजिउन सक्छन् भन्ने निष्कर्ष यो लेखको रहेको छ(कोनर, सन् १९९८)।

साझा बस चालकको भनाई : *पहिला म काठमाँडौ श्रीमानले कुट्ने, पिट्ने गरेर घरबाट भागेर आएको हो । मेरो आर्थिकस्थितीले गर्दा मलाई कामको एकदमखाँचो थियो । मलाई चै छोरा मान्छेले गर्ने काममापो पैसा बढि हुन्छ जस्तो लाग्ने । मेरा साथी, दिदीबहिनीहरुले ड्राईभिङसिक्अनि ट्याम्पो चलाऊ राम्रै कमाई हुन्छ भन्नु भयो । ट्याम्पो सिक्नगँए, त्यँहा पुरुषहरुबाट राम्रो व्यवहार भएन् र सिक्न छाँडे । केटाहरुले जिस्काएको सहन सकिनअनि फेरी कान्तिपुर ड्राइभिङ सेन्टर बागबजारमा ५,०००तिरेर कार सिक्नगए । पच्चिस दिनमाधेरै मान्छे चिने, धेरैले कार र ट्याम्पोको फम भर भने । त्यसपछि ट्रायल दिनजाँदा ट्याम्पो छुदै नछोको चाँहिपास भए कारमा फेल भए । फेरी फम भरेर आएर ट्रायल दिएअनिपास भँए२०६१ सालकात्तिकमा । २०,२१ वर्ष पहिले त जिब्रो टोक्थे केटी मान्छेले गाडी चलाएको देख्दा त । कोहि केटीहरु थिएनन् । कामसिके पनिकामपाउनगाह्रो थियो । डेढ वर्ष ट्याम्पो चलाए । ट्याम्पो चलाउँदात्यो बेलामाआफुलाई पेशाचाहिएको थियो ।अहिलेचाहिमैले ड्राईभिग क्षेत्र रोज्नु भन्दापनिड्राईभिग क्षेत्रले चाहिमलाई रोजेको हो जस्तो लाग्छ । किनभने परिस्थिती नै त्यस्तै भयो । मेरो तहको मान्छे , मेरो जस्तो पढाई भएकाले अरु क्षेत्रतिर के जागिर पाँउछ त् । त्यहिभएर ड्राईभिग क्षेत्र नै रोजेको मैले । यो साझामालाग्नकालागीपनि मैले मेरो डकुमेन्ट छाडेको कत्ति समय पछि सम्म पनिनबोलाउने , म संगै डकुमेन्ट पेश गरेको अरु भाइहरुलाई बोलाएर काममालागि सक्यो भन्छ मलाईए चै बोलाउदैन । अनि म फेरी गएअफिसमाकिननबोलाउनु भएको अरु काममालागीसके कि मलाईनदिने हो भन्दापर्सी आउनु भन्नु भयो । त्यस पछि मात्रपाएको हो यस्मा काम।*

बस चालकमहिलाले सुरुमाघरमाश्रीमानले दिएको शारीरिक यातना सहननसकेर घर छाडेर भागेर काठमाँडौ आए पछि आर्थिक संकट भएर कामको एकदमखाँचो भएको समयमा ड्राइभिङ सिकेर ट्याम्पो चलाउन सुरु गरेका रहेछन् । चालकमहिलाहरुलाई पुरुषले गर्ने कामहरुमा पैसा बढि हुन्छ जस्तो लागेर जोखिममोल्न हिम्मत गरेर ड्राइभिङ सिकेर काम गर्न थालेका रहेछन् । करिबदुई दशक अघिको समयमा पुरुषहरुले गर्ने काममाएकदमथोरै मात्रमहिलाहरु सहभागीहुने रहेछन् । ड्राईभिङ सिक्ने ठाँउहरुमा

जाँदामहिलामाथिअसामान्यव्यवहारहरु गरेर काममाबाधापुर्याएको भोगाइचालकमहिलाहरुको रहेछ । २०-२१ वर्ष पहिले महिलाहरुले ट्याम्पो चलाउँदापनि अरु मान्छेहरु अचम्म परेर हेर्ने गरेको कुरा गर्छन । पढाईमाप्राथमिकतहउत्तीर्ण नगरेका महिलाहरुलाई समाजमा के काम गर्ने भन्ने कुराको डर हुने अनिउनीहरुको तहको मान्छेले अरु क्षेत्रतिर के जागिर पाउँछ भन्ने सोचले गर्दा पनि बस चालक पेशा रोजेका रहेछन् । बस चालकपेशामालाग्नकालाागि सुरुमामहिलाआरक्षण हो महिलालाई पनिचलाउनदिने भन्ने भएर आफ्नो डकुमेन्टहरु लगेर छाडेको रहेछन् धेरै समय सम्म नबोलाउदाउनले धेरै खोजी गरेर मात्रआफुले कामपाएको कुरा गरे ।

महिलाको भूमिकामाआएको परिवतर्नका सम्बन्धमाआइरिस समाजमागरिएको एक अध्ययनले महिलाहरुलाई घर बाहिरका काममा संलग्न गराउनकालागिलामो समय सम्मको प्रयास पछि मात्र सम्भव भएको हो भनिएको छ । घर बाहिरको काममामहिला सहभागिहुनकालागि घरभित्र र घर बाहिर दुवैतिर काम गर्नुपर्ने समस्याहरु देखिएको कुरा चर्चा गरिएको छ । यसका साथै घर बाहिरका कामहरुमामहिला सहभागिता बढ्ना साथआर्थिक, राजनैतिक, शैक्षिकलगायतकाक्षेत्रहरुमा स्वतःमहिलाहरुको सहभागिता बढेको कुरा उल्लेख गरिएको छ ।नेपाली समाजको इतिहास हेर्ने हो भने पनिविभिन्न समयमामहिलाको हकहितकालागिआवाज उठाएर मात्र राज्यले महिलाहरुकालागि ३३ प्रतिशतआरक्षण कोटाको व्यवस्था गरेको हो । जसको परिणम स्वरुपवर्तमानको नेपाली समाजमा राज्यकाविभिन्ननिकायहरुमामहिलाको सहभागिता बढेको छ । बस चालकमहिलाहरु चालकबन्ने क्रममाड्राईभिङ सिक्ने ठाँउहरुमा जाँदामहिलामाथिअसामान्यव्यवहारहरु गरेर काममाबाधापुर्याएको भोगाइचालकमहिलाहरुको रहेछ । २०-२१ वर्ष पहिले महिलाहरुले ट्याम्पो चलाउँदापनि अरु मान्छेहरु अचम्म परेर हेर्ने गरेको कुरा गर्छन । काममालाग्नकालागीपनि पुरुषहरुलाई सहजै छनौट गर्ने तर महिलाहरुलाई भने विभिन्न कुराहरुमाशंखा गर्ने गरेर कामनदिनखोज्ने रहेछन । महिलाआरक्षण भनेर छुट्याइएपनिमहिलाहरुले सहजै कामपाउनचाहि कठिन नै रहेको पाइन्छ। साथै उनले आफ्नो पेशाप्रतिकोक्षमता देखाएपश्चातआफु महिलाभएर होइन् आफ्नो खुबीले गाडि चलाउनपाएको कुरालाई हेर्दा पेशाप्रतिदक्षभयो भने महिला र पुरुषभनेर विभेद नगर्ने रहेछन् । पुरुषको तुलनामा केहि मात्रामामहिलाहरु शारीरिक रुपमाकमजोर त हुन्छन् नै, तथापीहाम्रो समाजको सामाजिक सम्रचना नै त्यहि अनुरुपको भएका कारणले

चाहिसमाजकाजुनसुकै कार्यमापुरुष सरह महिला सहभागिताहुनकालागिचाँहि केहि कठिन हुने कुरा तथ्यांकबाट प्राप्तभयो ।

**(ग) पारिवारिक अवस्था**

अमेरिकामामहिलाको ज्याला रोजगारीमाउनीहरुको पारिवारिक सम्बन्धले कस्तो असर गरेको छ भन्ने कुराको अनुसन्धानमातिब्र विकास भईरहेको छ । अनुसन्धानको सुरुवातीमामहिला रोजगारीलाई ज्याँदै नकारात्मक रुपमा हेरियो र रोजगारमा आबद्द श्रीमतीहरुलाई खराब हुन्छन् भन्ने गरिन्थ्यो । महिलाको ज्याला रोजगारीले वैवाहिक सम्बन्ध र बालबच्चाहरुको विकास जस्ता कुराहरुमाहानीपुर्याउछ भन्ने सोच राखिएको थियो । अमेरिकामादेस्रो विश्व युद्दले  महिलाहरुलाई देशभक्त र श्रमशक्तिमा प्रेरितगर्यो। वार्षिक ५.७प्रतिशतका दरले कार्यक्षेत्र समेत विस्तार गर्यो । पछिल्लो तथ्यांकले देखाउछ कीआर्थिक मन्दिले विवाहलाई स्थगित गर्ने प्रवितिछ त्यसैले परिवार स्थापना गर्न सक्दैन । जब अर्थ व्यवस्थामा सुधार आउछ रोजगारीको सुरक्षा र प्रगतिको सम्भावना हुन्छ तबविवाहको दर बढ्छ । केहि समाजशास्त्रीहरुले महिलाको ज्याला रोजगारीको विशाल सहभागिताले विवाहलाई  अस्वीकार गलार्न र कामलाई  बढि प्राथमिकता देलानभन्ने कल्पना गरेका थिए । तर ,अहिले धेरै महिलाहरुले विवाह, बच्चा र घरेलु जिम्मेवारीहरुलाई समेत अंगालेर आफ्नो रोजगारलाई राम्रोसंग अघि बढाएका छन् (सिलोस, सन् १९८१) ।

महिला र पुरुषदुवै रोजगारमा आबद्द हुनकालागि परिवारको महत्वपूर्ण भूमिकाहुन्छ । पितृसत्तात्मक समाजहरुमामहिलाहरुले घरको काम गर्ने र घर बाहिरको कामहरुमा पुरुषहरु सहभागि हुन्छन् । कुनै व्यक्ति परिवार भन्दाबाहिरका ठाँउहरुमा सहभागिहुनकालागि परिवारको साथ, सहयोग आवश्यक पर्छ । चालकमहिलाहरुले बस चालक पेशा रोज्नुमापारिवारिक भूमिकाको सन्दर्भमाउनीहरुको भनाई यस्तो छ :

> *मघरमाहुँदाबच्चा सानो  पिटेको पिटेकै गर्ने । श्रीमानसंग बस्न नसक्ने भए । डिभोर्सपनिदिनुहुन्नभन्ने । नेपालमाजँहागएपनि नछाडने, चर्चमापनिकत्तिजाने कति रुने ।  अनिमैले मेरो लडाँई मैले नै लड्ने हो भनेर बच्चालाई भैरहवाको अनाथआश्रममा छाडेर म साउदीगए । विदेशगएको ५ महिनामै फर्केर आए । विदेशबाट आउदा १ लाखलिएर आको थिए । पहिला त बाबु र म मात्रबस्थ्यौ । बाबु*

*सानै थियो २ वर्षको । बाबुलाई कोठामा थुनेर काममाआउथे , बिच बिचमा ट्याम्पो रोकेर जान्थे । कहिले ट्याम्पो मै लगेर राख्थे ।अहिलेको बाबुलाई त आश्रममा छाडेर हिड्छु । मैले बाबुलाई जति समय दिनपर्थ्यो त्यति दिन सकिन । डेढ वर्ष ट्याम्पो चलाए । ट्याम्पो चलाउँदात्यो बेलामाआफुलाई पेशाचाहिएको थियो । मलाई एकदमजबको खाँचो थियो आर्थिक स्थितीले गर्दा । काठमाँडौमा कोठाभाडा तिर्न, खान, बाबु पढाउन पुग्थ्यो भनौ न ।बच्चा सानो हुदाचाँहिउसको बाबाले घरमागर्दै दिउसो काममाजानु हुन्थ्यो । अहिले त बच्चाहरुले घरको सबै काम गर्छन । मैले आथिर्क व्यवहार मिलाउने हो । स्कुललाग्दाबच्चा स्कुलजान्छन् । म घर बसेको बेला गर्न पर्ने सबै काम गर्छु । कामबाट थाकेर घर पुगेको हुन्छु बच्चाहरु ममीममीभन्दै झुन्डिन्छन् । त्योबेलामाचाँहिपहिलाको हामी हुकेको जस्तै दुनिँया ठिक लाग्छ । जस्तो भएपनि परिवारको माया त पाइन्थ्यो ।*

बस चालकमहिलाहरुमध्ये एक जनाको भनाई हेर्दा परिवारमाश्रीमानको कुटाई खाएर सहननसकेर घर छाडेर काठमाँडौ आएपछि विदेश समेत गएर फेरी फर्केर नेपालमाबच्चासंगै बसेर केहि गर्छु भनेर चालक पेशामालागेकी रहिछन् ।कामको एकदमै जरुरत परेकाले गर्दा काम गर्न बाध्यभएर यो पेशागरेका रहेछन् । कामबाट घर फर्के पछि नानीहरुले ममीभन्दै झुन्डिने हुँदाचालकहरुलाई वर्तमानको एकल परिवार भन्दाविगतको संयुक्त परिवार नै इच्छाएको पनिबुझियो । कामबाट घर फर्केपछि परिवारप्रति गर्ने उत्तरदायित्वपनिबहन गर्नु पर्ने हुँदा परिवारको सर्पोट एकदमै आवश्यकहुने बताए ।

उत्तरदाताहरुको भनाई अनुसार महिलाको पारिवारिक अवस्थाले रोजगारमाप्रभावपार्ने कुरा देखियो । नेपाली सममाजमायदिमहिलाहरुको परिवारमा राम्रो छ, श्रीमानश्रीमतीको सम्बन्धमा मेलमिलाप छ भने श्रीमानले बाहिरको काम गर्ने र श्रीमतीले घरेलु कार्य गर्ने प्रवृति छ । एकातर्फ उत्तरदाताहरुको घर, परिवारमा बस्न सक्ने स्थिती नभएपश्चातमात्रआफ्नो लडाँई आफैले गर्ने हो भन्ने विचारले चाहि सानो बच्चा साथमालिएर आफ्नै खुट्टामाउभिनकालागि रोजगारलाई अपनाएको देखियो भने अर्को तर्फ परिवारको आर्थिक समस्याहरुले गर्दा परिवारको साथ र सल्लाहले पनि यो पेशा रोजेका पनि रहेछन । महिलाहरुले आफुलाई अन्यायभएको कुरा थाहापाए पछि मात्रआफु पनि केहि गर्न

सक्छु भनेर आत्मनिर्भर बन्नकालागि घर बाहिर निस्कने र बाच्नकालागिपूँजीचाहिने भएकाले ज्याला रोजगारीलाई अंगाल्ने गरेको पाइयो ।

रोजगारमा परिवारको प्रभाव कस्तो हुन्छ त भन्ने सन्दर्भमाविगतमाअध्ययनगरिएका लेखहरुको समीक्षागर्दा विगतमामहिला रोजगारीलाई नकारात्मक ढंगले लिने गरेको पाइयो । साथै महिला रोजगारको संख्यामा वृद्धि भएसंगै विवाह, परिवार र बालबच्चाको विकासमाबाधापुर्याउलाकीभन्ने अपेक्षा रहेको थियो तर अहिले धेरै महिलाहरुले विवाह, बच्चा र घरेलु जिम्मेवारीहरु समेत अंगालेर राम्रोसंग कामगरिरहेको पाइयो । यस अध्ययनकालागि छनौट गरिएक महिला बस चालकहरुको भनाई अनुसार पारिवारिक कारणले पनि रोजगार बन्न प्रेरित भएको देखियो भने घरेलु हिंसा सहननसकेर घर छाडन विवस भए पछि सर्वप्रथमबाँच्नकालागिपूँजीचाहिने भएकाले चाँहि रोजगार बन्न प्रेरित गरेको देखियो । महिला रोजगार भए संगै काम र बालबच्चालाई एकैसाथ सम्हाल्न सक्छन् भन्ने कुराको पुष्टि यस अध्ययनको छ । साथै महिला रोजगारीले समाजमामहिलाहरुलाई सम्मानजनकतरिकाले जीवनयापन गर्न मद्धत गर्छ भन्ने कुराको निष्कर्ष यस अध्ययनको तथ्याङ्कबाट प्राप्तभएको छ ।

### ४.३ पेशागत समस्याहरु

यो खण्डमामुख्यतःसार्वजनिक बस चालक पेशामा संलग्नमहिलाहरुले बस चालक पेशाअपनाएपश्चात के कस्ता चुनौतीहरुको सामनागर्दै आएका छन् भन्ने कुराको उठान गर्नु सबैभन्दा महत्वपूर्ण विषयहो । रोजगारका कुनै त्यस्ता क्षेत्र छैनन् जहाँश्रम नगरी आमदानीहोस् । धेरै जसो क्षेत्रहरुमाशारिरिक रुपमै बढि खटिनु पर्ने हुन्छ भने केहि त्यता क्षेत्रहरु छन् जँहादिमाग र बुद्धिको बढि प्रयोग हुन्छ ।

नेपालमामहिला रोजगारको विषयमा सरकारी क्षेत्रको तुलनामा गैह्रसरकारी क्षेत्रहरुमामहिलाहरुले बढि श्रम गर्नु पर्ने, ज्यालाकमदिने, महिलाभएकै कारण जागिरबाट निकाल्ने जस्ता कु कर्म देखिन्छन् साथै तलब र कामको प्रलोभनमापारेर यौंन हिंसा समेत हुने गरेका घटनाहरु जीवित नै छन् । यस्ता घटनाहरुले गर्दा महिलाहरु घर बाहिर कामगर्न इच्छुक भएतापनिखुलेआमनिस्कनभने सकेका छैनन् । नेपाली समाजमाश्रमको सम्मान गर्ने

प्रचलन छैन साथै पेशाअनुसारको ज्याला र सोहि अनुरुपको सामाजिकइज्जतदिइने भएकाले व्यक्तिहरुले जुनसुकै काम गर्न मन पराउदैनन् ।

यसै सन्दर्भमा सार्वजनिकबसकामहिलाचालकहरुले के कस्ता पेशागतसमस्या र चुनौतीहरुको सामनागर्दै आएका छन् भन्ने विषयमा केहि तथ्यांक संकलनगरिएको छ । उक्त संकलिततथ्यांकलाइनिम्नशीर्षकहरुमा राखेर विश्लेष्ण गरिएको छ ।

**(क) महिला हिंसा**

नेपाली समाजमामात्रनभई अन्यत्रकाअधिकांश समाजमाआफ्नै परिवारबाट , काम गर्ने अफिसकाअफिसरहरुबाट साथीभाई र इष्टमित्रबाट पनिमहिलाहरुको यौन शोषण भएको छ । यसलाई पनि हिंसा रुपमा हेर्नु पर्दछ जसबाट महिलाको शारीरिक , मानसिकतथा सामाजिकअवस्था गिर्न गई मानसिकतनावउत्पन्नहुने गर्दछ । हामीलेसुनेका छौ बंगलादेशमाहजारौँ महिलाले कुनै केटासंग विवाह गर्न तथा यौन सम्बन्ध राख्नअस्विकार गर्दा दुश्मनीकानाममा तेजावको प्रयोग गरी पुरुषले महिलाको शरीरलाई कुरुप र अंगभंगपारेका छन् । यसैगरी कुनै लोभ , लालचा , आशातथादवावमा परेर पनिमहिलाको यौन वस्तुको रुपमालिने मानसिक , सामाजिक , साँस्कृतिकप्रजलनहरु जस्ता कारक तत्वले बढवा दिएका छन् । अर्कातिर दोषीमाथिको दण्ड दिने प्रक्रियाअपुग बेजिम्मेवारी छ ( आचार्य,२०७१) ।

रोजगारमा संलग्नमहिलाहरुमाथि कस्ता व्यवहारहरु हुन्छन् भन्ने सर्न्दभमा सार्वजनिकबसकामहिलाचालकहरुलाई महिला हिंसाका कस्ता प्रयासहरु भए कि भएनन् भन्नेबारेमा कुरा गर्दा निम्न कुराहरु बताए :

> महानगर यातायातकी बस चालकको भनाई अनुसार :*ड्राईभिङ्गगरेको लामो समय भयो बिचमात्यस्तागतिविधि त कत्तिभएकत्ति । म महिलाहो भनेर कमजोर बनेर बस्यो भने त त्यस्को फाइदा उठाउन खोजिहाल्छन् । आफैले मजबुतभएर त्यस्ता समस्याआईहाले पनि समाधान गर्न सकिन्छ । मैले कत्ति सँहे , कत्तिलाई त गाडी देखि झारेको पनि छु । पहिला ट्याम्पो चलाँउदाचाँहि केहि घटनाहरु भए । अगाडि सिटमा बस्दा काँधमाहातबोकाएर बस्ने , भाडाको लागि झगडा गर्न खोज्ने केटी*

*चालक देखेर , कसैले त आँखानभिम्क्याई हेरेको हेरेकै गर्ने , कत्तिलाई त पिटेर निकाले ।*

*ह्याभिको लाइसेन्स लिने बेलामा केटिले सक्छ के भनेर आत्मबलगिराउने कामचाँहिभयो । त्यस्ता सहनै नसक्ने गरी दुर्व्यवहार भएको छैन आफु विवाहितभएर पनिहोला । केहिअसहज त हुन्छ असामान्यव्यवहार गर्दा तर आफैले वास्तानगरे पछि त्यति मतलबलाग्दैन ।*

साझाबसकीचालकको भनाई अनुसार :*हामीले कामखोज्दै जाँदा ठाँउ त खाली नै हो तर सक्नुहुन्छ के भन्ने गर्छन । महिलाहो भने पछि विश्वास गरीनहाल्ने ,कामदिनहिचकिचाउने हुन्छ । कामको आधारमाभन्दापनिमहिलाभएको कारणले गर्दा चाहि पुरुषको तुलनामा बढि टेष्ट दिनुपर्ने, दुर्घटना भयो भने पनिमहिलाचालक रहिछ त्यहिभएर पो रहिछ भन्छन् । पुरुषहरुले चलाएको गाडी कहिले दुर्घटना नै नभएको त् छैन नी । हामीलाई हौसलादिने भन्दापनिआत्मबलकमजोर बनाउने खालको कुराहरुले गर्दाचाँहि नराम्रो लाग्छ ।*

बस चालकमहिलाहरुले काममाहुँदा सामान्यखालकाअसमानव्यवहार प्राय :भईरहने कुरा बताए । पुरुषहरुले आफु माथिअसहजव्यवहार गर्दा प्रतिवाद गर्ने हिम्मत राख्यो भने हिंसाबाट पीडित भएर बस्न नपर्ने कुरा गर्छन । गाडीमा बस्दा पुरुषहरुले हातबोकाउनखोज्ने , कूदृष्टि लगाउने रहेछन् । सिपसिकेर काममाजाँदापनि गर्न सक्छ के भनेर अविस्वास गर्ने, कामदिईहाल्ननखोज्ने गरेको बताए । कामगर्दैजाँदाकमिकमजोरी भयो भने महिलाभएर भएको हो भन्ने गरेकोबताए ।विवाहितमहिलाभएकाले गर्दाचाहिअलिक हिंसााबाट टाढा भएको हो कीभन्ने कुरा पनि गरे । रोजगारमा सहभागिहुनकालागिमहिलाहरुलाई प्रोत्साहनभन्दापनिआत्मबल घटाउने खालकाकामहरु हुने रहेछन ।

रोजगारका क्षेत्रहरुमामहिला हिंसाका के कस्ता गतिविधीहरु हुन्छन त भनेर बस चालक पेशामाआबद्धभएकामहिलाहरुसंग गरिएकोअर्न्तवार्तामाउनीहरुको काम गर्ने ठाँउमा पनि केहि मात्रामा हिंसा हुने गरेकोपाइयो । चालकमहिलाहरु भने अनुसार हिंसा भयो भनेर कमजोर भयो प्रतिवाद गर्न सकेन भने चाँहिझनझन हिंसा बढ्दै जाने रहेछन् । नेपाललगायतकाअन्य समाजहरुमापनिमहिलाहरुमाथिविभिन्नप्रकारका हिंसाहरु हुने र

महिलाहरुको ज्यान समेत जोखिममा रहेको कुराआचार्यले भने जस्तै अधिकांश ठाउहरुमा महिलामाथि हिंसा भएपनिचालकमहिलाहरु माथि सामान्य हिंसाहरु भएपनिआजसम्म त्यति धेरै ठूला हिंसामा परेका रहेनछन् ।त्यस्तै महिलाहरु काममादक्षभएपनिलैङ्गिकताका कारण, महिला भएकै कारणले पुरुषहरुको तुलनामाकामपाउनगाह्रो भएको कुरा चाहिँपाइयो ।

**(ख) महिलार कामको जोखिम**

महिलाले पुरुषले भन्दाजति नै बढि परिश्रम गरे पनिउनीहरु पुरुषभन्दा गरीब नै हुन्छन् । किनकीउनीहरुको श्रमको कुनै निश्चितमुल्य राखिएको हुदैन् । प्रायःउनीहरुलाई बिनाज्यालाको श्रमिकको रुपमा लिइन्छ । अझ घरेलु काममाअल्झने महिलाको त कुनै पारिश्रमिक नै हुदैन् । हाम्रो जस्तो हिन्दु राष्ट्रंमा महिलाले पनिआ-आफ्नो घर परिवारमाआथिर्क व्यवस्था सुधार्न , खेतीपातीतथा घर गृहस्थीको कार्यमा सघाउ पुर्याउनपुरुष सरह नै र कुनै कुनै अवस्थामात्यो भन्दापनि बढि काम गरेतापनिआर्थिक सम्पतिको अधिकार भने हुदैन (आचार्य, २०५८) ।

विश्वका धेरै जसो समाजहरु पितृसत्तामाआधारित छन् । विगतमापितृसत्ता संरचनामाआधारित समाजहरुमामहिलाले घरभित्रको काम गर्ने र पुरुषहरुले घर बाहिरको काम गर्ने भनेर कामको विभाजन गरेको पाइन्छ । त्यहिकिसिमको श्रम विभाजनको प्रभावले अहिलेको समाजमापनिकामको विभाजनमामहिलाले घरकै काम गर्नुपर्छ भन्ने सोच यथावत नै छ ।

श्रम बजारमामहिलालाई काम गर्नका लागीमहिलाको क्षमताहुँदाहुँदै पनि घर परिवार र विभिन्न कुराहरुलाई हेरेर महिलालाई प्रतिस्पभर्धामाजानगाह्रो छ ।महिलाहरुलाई प्रतिस्पर्धा गर्ने शक्ति बढाउनका लागिविभिन्नपक्षहरुको प्रभाव हुन्छ । क्षमता र गुणको आधारमामहिला र पुरुष फरक फरक हुन्छन् । महिला र पुरुष फरक फरक हुनुमा जैविकता ले निर्धारण गर्दछ । तर , जैविकताले मात्रनभई सामाजअनुसारको सँस्किृतिले पनिप्रभावपार्दै जान्छ।हाम्रो समाजमापुरुषभन्दामहिलाहरु कमजोर हुन्छन भन्ने जुन रुढिवादी सोच छ त्यसको कारणले पनिमहिलाहरुले सहजै कामपाउने माहोल छैन् । पूँजीवादी समयमामहिलाबाहिर निस्कनै पर्ने बाध्यताभएको छ । पुँजीवादीसमाजमापनि पुरुषको तुलनामामहिलाहरुको ज्यालाकम नै देखिन्छ । महिलाहरु कमजोर हुन्छन भनेर कामदिनहिचकिचाउने, असमानता गर्ने , आरोप

लगाउने , कामकालागीअयोग्यभन्दै महिलाभएकै कारण दुर्व्यवहार गर्ने र यसकै आधारमाकामको विभाजन गर्ने हुनाले महिलाहरुलाई रोजगार बन्न कठिन छ (बिभोर , मारिनी, सन् १९९०)।

बस चालकमहिलाहरुआफु महिलाभएकै कारणले गर्दा उनीहरुकोकामको जोखिम कस्तो छ त भनेर चालकमहिलाहरुसंग लिइएको अर्न्तवार्तामाकामको जोखिमको बारेमानिम्न कुराहरु बताए :

> साझाबसकीचालकको भनाई अनुसार : *पुरुषहरुले काम गर्न नहुने भनेर तोकेको ठाँउ त कुनै छैन तर हामीमहिलाहरुलाई चै यो गर्न हुदैन , त्यो गर्न हुदैन भनेर हरेक ठाऊमा जाननदिने हुन्छ । मैले जब म गाडी चलाउनसिक्छु भन्दाकिन गाडी सिक्नु पार्लर सिक्नुनी, कटिङ्गसिक्नुनीभनेर कत्तिले भने । तर हैन म ड्राइभिङ नै सिक्छु भनेर आफैले हिम्मत गरेर मात्रसिक्न सकेको हो । म मेरो कामलेभन्दापनि म महिलाभएकै कारण ले धेरै ठाँउमा पछि परेको छु । यो साझामालाग्नकालागीपनि मैले मेरो डकुमेन्ट छाडेको कत्ति समय पछि सम्म पनिनबोलाउने , म संगै डकुमेन्ट पेश गरेको अरु भाइहरुलाई बोलाएर काममालागि सक्यो भन्छ मलाईए चै बोलाउदैन । अनि म फेरी गएअफिसमाकिननबोलाउनु भएको अरु काममालागीसके कि मलाईनदिने हो भन्दापर्सी आउनु भन्नु भयो । त्यस पछि फेरी गँए ।मलाई त सक्नुहुन्छ ठूलो गाडी चलाउनभनेर सोध्नु भयो मैले सक्छु भने । कहिले चलाएको छ अघि भन्दाछैनभने चलाएको पनिथिइन । मेरो रुट टेस्ट गर्नेभन्ने कुरा आयो ।कताकता डर पनिलाग्यो ।कहिले चलाएको थिइनकलंकी देखि कोटेश्वरसम्म चलाउनु भन्नुभयो । पछाडि सरहरु बस्नु भयो मलाई चलाउनु भन्नु भयो चलाउदै गँए, अलिकत्तिउकालोमाचाहिगाह्रो भयो , ब्रेक नै लाग्दैन, कसो कसो गरेर लगेँ । म डराएको पनिथाहापाउनु भएछ सरहरुले । अफिसमागयौ ल बधाई छ तपाई भोलीदेखि काममाआउनु भन्नु भयो । त्यसरी कामपाएको हो मैले । कोटा खुलेको भएपनि सजिलै कामचाहिपाइदैन । महिलाहरुले सक्दैनन भन्ने भएर चाहिकामदिईहाल्न डराउछन् ।*
>
> *मेरो पेशा नै अब यो गाडी लाइनहो । मेरो जीवन नै यहिपेशामा जान्छ । मलाई नेपालदेखिभारतसम्मको गाडी चलाउन मन छ , त्यहाजाँदाचलाउन सक्नुहुन्छर*

*भन्छन । प्रतिस्पर्धा मै राख्ननचाहने , पुरुषभयो भने ल भनिहाल्ने महिलालाई चै नदिने । विभिन्नबाहनाबनाउने बाटो अप्ठयारो छ ,लामो छ, थकाई लाग्छ, तपाई केटी मान्छे किनजाने भनेर महिलादिदीबहिनहिरुलाई पछाडि पार्न खोजिन्छ । सक्छन होलामौका दिनुपर्छ भनेर अवसर कम दिइन्छ । मलाई टायल लिनु अर्न्तवार्ता लिनु मलाई त्यत्तिकै राख्न पर्दैन । मेरो गाडी चलाउने कामलाई किनयँहा स्थाई बनाइदैन भन्ने लाग्छ ।*

नेपालयातायातकी बस चालकको भनाई : *मैले कटिङ्गसिकेर पनि छाडेर गाडी चलाउनआएको हो । राती राती हिड्न पर्छ होला , तेरो नानीहरु कस्ले हेर्छ , टेलर खोल त्यहाबच्चा हेर्दै सजिलो हुन्छ भनेर सुरुमा सर्पोट थिएन । म आफैले जिद्धि गरेर आफ्नो रहर पुर्याउनकालागिकाममालागे । कत्तिभनाई खाईयो । छोरी भएर छोरा मान्छे जस्तो बन्नपर्ने भनेर कत्तिले भने । अनिकामसिकेर अब म गर्छुभनेर क्षेत्रमाजाँदापनिकाममा निरन्तर आउन सक्नुहुन्छ के भनेर सेध्ने , कुनै बेलाअकस्मातकाम परेर बिदामा बस्नु पर्यो भने पनिकत्तिबिदाचाहिने होनियमितआउननसक्नेले कि त काम छाड्नु नीभनेर भ्कर्किने पनि हुन्छ । सहनु पर्छ धेरै कुराहरु । तर म चाँहिआफ्नो लक्ष्य छाड्दिनभनेर लागि परेर मात्रयहाँ सम्मआइपुगेको हो ।*

महिला बस चालकहरु भन्छन् पुरुषले गर्न नहुने काम केहि छैन तर हामीमहिलाहरुले मात्रजहाँत्यहिकाम गर्न नमिल्ने भन्ने सोच छ । महिलाहरुले गाडी चलाउन सिक्छु भन्दा गाडी चलाउनकिनसिक्नु कँहाकँहा जानुपर्छ तेरो बच्चाहरु कस्ले हेर्छ भनेर काममाजानकालागिविभिन्न समस्याहरु देखाएर परिवारदेखि नै साथ र सहयोग नभएको कुरा गर्छन । तर,चालकमहिलाहरु आफैले हिम्मत गरेर म डाइभिंग नै सिक्छु भनेर आफ्नो लक्ष्यलाई अगाडि बढाएपछि मात्रकाममानिस्कन सकेको कुरा बताउछन् । महिलाहरुले पुरुषले गर्न सक्दैनन् भन्ने रुढिवादी सोचले गर्दा डाइभि गर्नका लागि सक्षमभएपनि सहजै कामपाउदैन भन्छन् । पुरुषको तुलनामामहिलाहरुलाई बढि दबाबदिने , काममाअविस्वास गर्ने बुझाई पनिचालकमहिलाहरुको छ । बस चालकछनौट गर्दा पुरुषलाई सहजै दिइने काममामहिलाहरुलाई चाँहिनेपालमै नभएको रुट टेस्ट समेत लिएको बताउछन् ।नियमितकाममाजाननसक्दाकाममानियमितआउने भएआउनु नभएकाम छाडनु भनेर

तनाबपनिदिने गरेको कुरा गछर्न ।काम राम्रो गर्दैगए पछि चाँहिदबाबभन्दापनि सपोर्ट बढि आउछ भन्छन् । लामो दुरीको बस चलाउन मन भएर पनिनपाएको कुरा गुनासो गर्दै भन्छन् हामीलाई विभिन्नबाहना गरेर, बाटो अप्ठयारो छ, गाह्रो हुन्छ , थकाई लाग्छ भनेर कामनदिने तर त्यहिकाममा पुरुषहरुलाई भने दिइहाल्छन् । महिलाहरुलाई काम गर्न सक्ने भएर पनिदिदैनन् भन्ने गुनासो बस चालकमहिलाहरुकको छ ।यसका साथैमहिलाहरुलाई अवसर दिने , केहि गर्छु भनेर अगाडी बढ्न खोजेको मान्छेलाई साथ दिनुपर्छ भन्ने इच्छा समेत व्यक्त गरेका छन् ।

श्रम बजारमामहिलााहरुलाई काम गर्नका लागिमहिलाहरुको क्षमताहुँदाहुँदै पनि घर, परिवार र अन्य कुराहरुले प्रतिस्पर्धामाजानगाह्रो पार्ने रहेछ यो समस्या नेपाली समाजलगायतअन्य समाजहरुमापनि छ भन्ने कुरा विभिन्न लेखहरुमाउल्लेख छ । महिला र पुरुषहरु क्षमता र गुणका आधारमा फक फरक भएपनि समाजअनुसारको सँकृतिले फरक पार्ने रहेछ । पितृसत्तत्मक समाजमामहिलाकमजोर हुन्छन्भनेर कामदिनहिचकिचाउने, असमानता गर्ने , आरोप लगाउने, कामकालागिअयोग्यभन्दै महिलाभएकै कारण दुर्व्यवहार गर्ने परम्परा अन्य समाजहरुमापनि रहेछ ।

### (ग) मातृत्व र ज्याला रोजगार

ब्रिटेनमारोजगारमा आबद्धभएकामहिलाहरुको बारेमासन् १९८७ देखि सन् १९९९ सम्म गरिएको एक अध्ययनमारोजगारमाआबद्धभएकामहिलाहरु मध्ये धेरै महिलाहरु बच्चाको आमाहरु भएको तथ्यांकनिकालिएको थियो ।बेलायतमा सन् १९६६ को समयमाआमामानिर्भर बालबालिकाभएका ११ प्रतिशतमहिलाआर्थिक रुपमा सक्रियथिए । बच्चाकाआमाहरुमध्ये आफ्नो बच्चा ११, १२ वर्ष उमेर पुगेका महिलाहरु पूर्ण समय काम गर्नथालेका थिए। लगभग चार दशक पछि सन् २००४ मा यो बच्चाआमामानिर्भर भएकामहिलाहरु ६७प्रतिशतमावृद्धिभयो । बच्चाप्रि-स्कुलमाभएकाआमाहरु आधाभन्दा बढि महिलाअरुसंग जागिर छ । जसको कान्छो बच्चा ११ वर्ष वा सो भन्दामाथि उमेरका झन्डै ८० प्रतिशतमहिलाकाममा सक्रिय छन् । अधिकांशमहिलाहरुआमा बनेर बच्चाहुर्केपछि समय कटाउन काम गर्छन । सन् १९६९ यतामातृत्वअधिकार र आमाहरुको बारेमा अनुसन्धानगर्दा आमाहरुको पार्टटाइम जबमा निरन्तरबृद्धिभएको देखाइएको छ । सन् १९७९ मा रोजगारमा आबद्धभएमाथपमहिलाहरुको दर १९ प्रतिशत बाट बढेर ५४ प्रतिशतमापुगेको थियो । करिब

चार दशकको समयावधिमाआमाभएकामहिलाहरुमा पूर्ण समय रोजगारको वृद्धिपनि १९७९ मा ५ प्रतिशतथियो भने १९९६ मा ४ प्रतिशतमापुगेको थियो । बेलायतमाश्रमशक्तिमामहिलाको सहभागितामाउल्लेख्य वृद्धिभएतापनि परिवारमाभूमिकामातीस र्वष अघिकै जस्तो रहेको छ । बेलायतीआमाहरुले पूर्ण समय काम गरेपनिघरेलु काम र बालबच्चाको हेर्न जारी राखेका छन् भने बाबुहरुले आफ्नाश्रीमतीहरु पूर्ण समय कामगर्दा पनिआफुले धेरै घण्टा काम गर्न पनि छाडेका छैनन् । पार्ट टाइम कामहरुमाज्यालामा लैङ्गिकअन्तर सावितभएको छ । यसले पूर्ण समय काम गर्ने पुरुष र महिलाहरु बिचकोअन्तर आएको छ (मेकरेअ, २००५) ।

*मैले कामगर्न थालेको बेला मेरो बाबु डेढ वर्षको थियो । काममानिस्कदामेरो छोरालाई कोठामा छाडेर ट्याम्पो चलाउनजान्थे । ट्याम्पो बस पार्कमा छाडेर बेला बेलामा कोठामा जाँदै बाबुलाई हेरेर फर्किन्थे , कहिले बाबुलाई संगै लिएर जान्थे । बच्चासानै हुँदाकाममानिस्कनगाह्रो हुने रहेछ।आफु काममाभएपनि मन चै बच्चा के गर्दै होला , भोकायो होलाभनेर चिन्तालाग्थ्यो ।सानानानीहरु बुबासंग भन्दाआमासंग नै बढि झुन्डिछन् ।बच्चाको आमा भएपछि जहिले नियमितकाममाआउनचाहि समस्या नै हुन्छ । बच्चा बिरामी हुन्छन , अस्पताल लग्नुपर्छ , आमासंग बस्न मन गर्छन अनित्यस्तो बेलामाचाँहिबिदालिएर बस्नै पर्छ ।अहिले त बच्चाहरु ठूला भए ।काममाआएको दिन १५ घण्टासम्म कामगरिन्छ । घर बसेको दिनआफुले गर्न पर्ने सबै काम गर्नुपर्छ । कामनगरौ भन्दापुग्दैन ।श्रीमानको पनिखासै राम्रो कमाई छैन। कामगर्नै पर्छ । अब त बानीभयो ।आफै कमाउने भएपछि दुई पैसा खर्च गर्न पनिकसैलाई सोधिरहन पर्दैन । परिवारमा हरेक कुराको निणर्य लिदाँपनिआफु कमाउने भए पछि सोध्ने गर्छन । आफु काममा हिड्दा घर व्यवहार श्रीमानले हेर्नै पर्ने हुन्छ । पुरुषहरुले घर हेरेपछि चाहिकत्तिको गाह्रो हुन्छ भन्ने कुरा पनिबुझ्ने रहेछन् ।आफुलेनै हो लगभग परिवारको खर्च, समस्या टार्ने त्यो भए पछि चै परिवारको सबै जिम्मेवारी आफैसंग हुन्छ । काममाआउदापनिबिहान ४ बजे बस पार्क देखि गाडी निकालेर लिएर हिडिन्छ, दिउसो १२ ,१ बजे खानाखानरेष्ट गरिन्छ , त्यसपछि एकै चोटि बेलुका ८ बजेतिर गाडी राखेर घर गइन्छ । काममाहुदा म महिलाहो भन्ने फिल नै आउदैन् । हामीड्राइभिङ गर्नेहरु महिलाहोस या पुरुष सबैको*

*तलब बराबरी हुन्छ । दैनिकज्यालाहो महिलापुरुषभनेर तलबमा धेर, थोर छैन । काम गरेको दिनको हिसाबले तलब पाइन्छ (साझा बस चालक) ।*

अधिकांश बस चालकमहिलाहरु विवाहित नै रहेको पाइयो । उनीहरुकाबच्चा सानै भएरपनिकाम गर्नै पर्ने बाध्यताभएकाले काम गर्न थालेको कुरा गरे । कतिपयअवस्थामाकाम गर्ने ठाँउ मै बच्चा लगेर पनिकाम गरेका अनुभवहरु व्यक्त गरे ।बच्चाहरु सानै भएको बेलामाचाहिएकल परिवारमा बसेका महिलाहरुलाई गाह्रो हुने कुरा गर्छन । बस चालकहरुलेआफु काममाभएको बेलापनिबच्चा सानोहुदाँचाहिउनीहरुकै यादआउने गरेको बताए । बच्चाको आमाभए पछि आफुले चाहेको बेलामाकाममाजानननसक्ने, बच्चा बिरामीभए पछि उनीहरुलाई समय दिनाले काममा केहि बाधाचाहिहुने रहेछ । बच्चाहुर्किसकेपछि चाँहि पूर्ण समयदिनको १५ घण्टा सम्म काम गरेर घर जाने गरेको बताए । चालकमहिलाहरुआफैले कमाउने भए पछि दुई चार पैसा खर्च गर्न र परिवारको निर्णय गर्ने कुराहरुमाआफुलाई पनि सोध्ने ,आफ्नो कुराहरु पनि परिवारमालागू हुने गरेको सुनाए । आफु काममा हिडेपछि परिवारका अन्य सदस्यले पनि सहयोग गर्ने साथै पुरुषहरुलाई पनि घर परिवारका कुराहरु थाहाहुने भएकाले घर व्यवहारमासहजहुने रहेछ ।कामगर्ने ठाँउहरुमा महिलापुरुषभनेर विभेद नहुने र आफु कामगरिरहेको ठाँउमा म महिलाहो भन्ने कुरा नै सोच्ननपर्ने रहेछ ।

बस चालकपेशागरिरहेका महिलाहरुको पेशागत समस्याको अध्ययनगर्दा उनीहरुले यो पेशाबाट दिर्घकालीनलाभ छैन भनेर असन्तुष्ट देखिए तरपेशामादिगोपन भने देखिएन् । एउटा संस्थामा रहेर चालक पेशागरिरहँदाकुनै अर्कोकम्पनीबाट बढि आम्दानी र सुविधादियो भने त्यतै गइहाल्ने प्रवृतिरहेछ ।काममा स्थाइत्वनभएकालेकाम गरेको कम्पनीबाट राम्रो लाभलिननसकेका रहेछन् ।

. बेलायतमा रोजगारमा आबद्ध भएकामहिलाहरु मध्ये आमा भएपछि काममा सहभागिभएकामहिलाहरुको अवस्था हेर्दा बच्चा हुर्के पछि समय कटाउन काम गर्न जाने कुरा गरेको छ भने बस चालक पेशामा सहभागिभएकामहिलाहरु भने आफ्नाबच्चाहरु सानै भएपनिघरको आथिर्क अवस्थाले गर्दा चाहिकाम गर्न बाध्यभएर काममा सहभागिभएको देखियो । बच्चाकाआमाहरुलेकहिले काँहिबच्चा बिरामीहुँदाचाहिकामलाई निरन्तरतादिननसक्दा रहेछन् तर बच्चाहुर्किसके पछि भने पूर्ण समय काम गर्न सक्दारहेछन् । सन् २००० ताका

बेलायतका रोजगार आमाहरुले पूर्ण समय काम गरेर आर्थिक रुपमा सक्रियभएपनि परिवारमामहिलाको भूमिकामाभने तीस वर्ष अघिकै जस्तो रहेको थियो भनिएको छ तर बस चालक पेशाामालागेका महिलाहरु भने आफु रोजगार भएर कमाउनथाले पछि परिवारको प्रमुखभएर भूमिकानिवार्ह गरिरहेका रहेछन् । अन्यलेखहरुमाभने जस्तो महिला र पुरुषले समानकाम गरे पनिज्यालामाअन्तर हुने देखिन्छ भने बस चालक पेशामालागेका महिला र पुरुषहरुको ज्यालामा समानता रहेछ ।

# अध्याय५

# सारांश र निष्कर्ष

## सारांश

यस अध्ययनको मुख्यउदेश्यरोजगार अवधारणा अन्तगर्त यातायात क्षेत्रको सवारी साधनमा संलग्नमहिला बस चालकहरुको पेशागतअवस्था, कारण र समस्याहरुकोअध्ययन गर्नु रहेको छ । साथैयसमामहिला बस चालकको पेशागतअवस्था कस्तो छ?, रोजगारका अन्य क्षेत्रहरु हुँदाहुँदैपनि बस चालक पेशा नै रोज्नु कारणहरु के केहुन र यो पेशागरिरहँदा के-कस्ता समस्या र कठिनाईहरुको समाधानगर्दै आएका छन, यो पेशाअपनाए पछि आफुमा परिवतर्न भएको महसुस गरे की गरेनन्, उनीहरु यो पेशाबाट सन्तुष्ट छन् या छैनन् र आगामीदिनहरुमा बस चालकमहिलाहरु के गर्न चाहन्छन्आदिविषयलाई यस शोध कार्यमाविस्तृत रुपमाअध्ययनगरिएको छ ।

योअध्ययन काठमाँडौको चक्रपथ परिक्रमा गर्ने सार्वजनिकबसमा संलग्नमहिला बस चालकहरुमामात्र केन्द्रित छ । बस चालकपेशामा रहेका महिलाचालकहरु जम्मा ३ जना रहेकाछन्, ३ जनानै महिला बस चालकहरुकोवैयक्तिकअध्ययनमाआधारित भएर अध्ययनगरिएको छ । अध्ययनमाप्राथमिकतथ्याङ्क सङ्कलनकालागिप्रत्यक्ष भेटेर अर्न्तवार्ताका माध्यमबाट वैयक्तिकअध्ययन गरी शोधकालागिआवश्यकतथ्याङ्क सङ्कलनगरिएको छ भने द्वितीयतथ्याङ्क सङ्कलनकालागिअप्रकाशितशोधपत्र, नेपालश्रमशक्ति सर्वेक्षणको पत्र, नेपाललिभिङ स्टयाण्डर सर्वे पत्र,त्रिभुवनविश्वविद्यालयअर्न्तगत समाजशास्त्रविभागको स्नातकोत्तर तहका सेमेष्टर प्रणालीका किताबहरु रअन्य पुस्तकलगायतगुगल रश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयको सूचनापत्र , जेस्टोरमाउपलब्ध अनुसन्धानात्मक लेखहरु, जनर्लमाप्रकाशित पुस्तकआदिका सहायताद्धारा यो लेखलाई मूलभुतआवश्यक कुराको सङ्कलन गरी यो अध्ययनलाई पूर्णतादिइएको छ ।

बसचालकपेशामालागेका महिलाहरुको पेशागतअवस्था कस्तो छ भनीगरिएको अध्ययनमा पेशामा संलग्नभएकामहिलाहरु नेवार, मगर र क्षेत्रीलगायतजातका रहेका छन् । उनीहरु सबै यूवाअवस्था का छन् । अध्ययनगरिएकामहिलाहरुले प्राथमिकतहसम्मको

शिक्षाहाँसिल गरेको पाइयो भनेचालकमहिलाहरुसबै विवाहितभएका र उनीहरु सबैएकल परिवारमा बस्दा रहेछन् । घरको आम्दानीकोप्रमुख स्रोत नै उनीहरुको जागीर भएको र परिवारको प्रमुखव्यक्तिको भूमिकानिर्वाहआफैले गर्ने गरेकोबताएकाथिए । बस चालकपेशामा संलग्नमहिलाहरुले दैनिक १५ घण्टा सम्म कामगर्दा रहेछन् । अन्यक्षेत्रमाकार्यरत कामदारहरुले दैनिक७-८ घण्टा काम गर्छन । बस चालकमहिलाहरुको मासिकतलबलगभगतीस हजार हुने रहेछ भने अन्यश्रमिकहरुको मासिकतलब नेपाल सरकारले १५००० तोकेको छ । यसको तुलनामामहिला बस चालकहरुको दैनिककाम गर्ने घण्टा र तलबमाकरिब दोब्बरले नै बढि रहेको पाइयो । चालकमहिलाहरुको आम्दानीको अवस्थाबुझ्दामासिककमाई तीस हजार हुने र बचतकाबारेमाबुझ्दाउनीहरुकोसबै आम्दानी घरायसी क्षेत्रमा नै खर्च हुने गरेको र बचत नभएको भेटियो ।चाकलमहिलाहरुले विगतदुई दशक देखि चालक पेसामालागेर विगत ५ वर्ष देखि यतामात्र ठूला बसहरु चलाउनथालेको र आगामीदिनहरुमालामो दुरीकाबसहरु चलाउन मन भएको र अवसर पाएभने नेपाल देखि भारतसम्मका बस चलाउने इच्छा भएको समेत व्यक्त गरेका थिए । यसका साथै आफुमासिप र क्षमता भएपछि समाजले हेर्ने दृष्टिकोण र घर परिवारले गर्ने व्यवहारमा फरक हुने गरेको पाइयो । महिलाहरुको काम गर्न सक्ने क्षमताहुँदापनि समाजमाअझै पनि सहज रुपमाकामपाउनगाह्रो हुन्छ भन्ने चालकमहिलाहरुको बुझाई रहेछ । कामकुनै पनि सजिलो छैन हिम्मत गरेर काम गरे पछि सबै कामहरु राम्रोसंग गर्न सकिने रहेछ भन्छन । चालकमहिलाहरु आफ्नो पेशामा सक्रियभएपनिउनीहरु यो पेशाबाट त्यति धेरै सन्तुष्ट भएको पाइएन् । बस चालकपेशामा बल र उमेर भएसम्ममात्रहो भविष्य सुनिश्चितनहुने कुरामामहिलाचालकहरुको गुनासो रहेछ । यसका साथै बस चालक पेशालाई भविष्यमापनिलाभलिन सक्ने बनाईदिएहुन्थ्यो भन्ने चालकमहिलाहरुको अपेक्षा छ ।

बस चालकमहिलाहरुले बस चालक पेशा नै किन रोजेका हुनभन्ने विषयमागरिएको अध्ययनबाट छोरीलाई पढाउन हुदैन भन्ने सोचले गर्दा उनीहरुहरुले शिक्षा , तालिम र अवसरहरुबाट बञ्चितहुन परेको रकुनव्यक्तिले के पेशा छनौट गर्ने भन्ने कुरा पढाईले पनिनिर्धारण गर्ने भएकाले श्रम बजारमाउनीहरुकालागिशिक्षित समुहले गर्ने र रोज्ने पेशा गर्न सक्ने क्षमतानभएकालेपनियो पेशा छनौट गरेको हो भन्ने कुराआयो । अर्कोतर्फ महिलाहरुलाई पुरुषहरुले गर्न सक्ने काम म पनि गर्न सक्छु भन्ने आँटका कारणले पनि बस चालकमहिलाहरु चालकपेशामालागेका हुन् । यसका साथै बस चालकमहिलाहरु महिलाको

भूमिकाआएको परिवतर्नको कारणले पनि पेशा छनौटमा स्वतन्त्रतापाएको हुनाले बस चालक पेशा रोजेको देखियो । नेपाल सरकारले महिलाहरुकालागि छुट्याइएको ३३ प्रतिशतमहिलाआरक्षण कोटाले गर्दा पनिमहिलाहरुको भूमिका परिवतर्न गर्न धेरै सहयोग गरेको रहेछ । सार्वजनिक बस सञ्चालनकासंस्थाहरुले ह्याभिको लाइसेन्स छ भनेमहिलाहरुलाईपनि बस चलाउनदिने भन्ने कुरा सुनेर आफुले कोशिस गरेपछि बस चलाउन प्रेरित भएरपनि यो बस चालक सम्मको यात्रा सफलभएको रहेछ । बस चालकहरुको पारिवारिक अवस्था हेर्दा परिवारमाआर्थिक संकट भए पछि काम गर्न बाध्यभएर चालक पेशामालागेका भेटियो भने कतिपयअवस्थामा परिवारको हिंसा र पीडाहरु सहननसकेरश्रम बजारमा संलग्नभएको पाइयो ।जब महिलाहरु घरबाट बाहिर रोजगारका क्षेत्रमा निस्कन्छन् तबमहिलाहरु आर्थिक,राजनैतिक, शैक्षिकलगायतकाक्षेत्रहरुमा स्वतह सहभागि बढछ भन्ने कुरा पनिअध्ययनकाक्रममाआयो ।

चालकपेशामालागेका महिलाहरुको पेशागत समस्याहरु के कस्ता छन् भनेर गरिएको अध्ययनमामहिला हिंसा, महिलाभएका कारण कामको जोखिमहुनुका साथै विवाहित र बच्चाकाआमाभएकामहिलाहरुलाई रोजगारमाअझबढि जोखिमहुने समस्याहरु भेटियो । यस्ता समस्याहरु नेपाली समाजलगायत बेलायतको समाजमापनिबच्चाकाआमाभएकामहिलाहरुलाई बच्चा सानो भएको अवस्थामा एकै साथबच्चाको स्याहारसुसार र रोजगारलाई निरन्तरतादिननसक्दाज्याला रोजगारमाउच्च जोखिमहुने गरेको देखियो । परिवारमाआमा रोजगारमानिस्केपछि बालबच्चा र परिवारको हेरचाहमापुरुष (बुबा)को भूमिका बढ्दै गएको कुरा पनिआएको छ । चालकमहिलाहरुले बस चलाईरहेको समयमा पुरुषहरुले अनैतिकव्यवहार गर्ने, ट्राफिकहरुले ठूलागाडीहरुकै दोष देखाएर अनावश्यकजरीवानातिराउने (यो समस्यापुरुषचालकभएको अवस्थामापनिलागु छ )गर्दा रहेछन् । बस चालकमहिलाहरुले महिलाहरु कमजोर हुन्छन भनेर कामदिनहिचकिचाउने, आरोप लगाउने, काममाअयोग्यभन्दै दुर्व्यवहार गर्ने जस्ता समस्या र चुनौतीको सामना समेतगर्दै आइरहेका रहेछन् ।

## निष्कर्ष

रोजगारमा आबद्ध सार्वजनिकबसमा संलग्नमहिलाचालकहरुको पेशागतअवस्था, कारण र समस्याहरुको अध्ययनलाईतीन खण्डमा विभाजन गरेर अध्ययनगरिएको छ । बस चालकपेशामालागेका महिलाहरुको पेशागतअवस्थालाई अध्ययनगर्दा चालक पेशामालागेका महिलाहरुको काम गर्न थालेको समयावधि र दैनिककाम गर्ने घण्टा , महिलाचालकको कमाई, बचत, खर्च र पेशागत सन्तुष्टि रअपेक्षा गरी तीनवटा उपशीर्षकमा राखेर अनुसन्धानलाई विस्तृत रुपमाअध्ययनगरिएको छ । पेशागत कारणहरुलाई पनिशिक्षा र तालिम, महिलाको भूमिकामाआएको परिवतर्न र पारिवारिक अवस्था गरी तीन वटा उप शीर्षकहरुमाविभाजन गरेर पेशागत कारणहरुलाईआवश्यकअध्ययनगरिएको छ भने बस चालकमहिलाका पेशागत समस्याहरुलाई पनिमहिला हिंसा, महिला र कामको जोखिमर मातृत्व र ज्याला रोजगार गरी तीनवटा उपशीर्षकहरुमाविभाजन गरी तथ्याङ्कसङ्कलन बाट प्राप्ततथ्याङ्कहरुलाई यस अध्ययनकालागिआवश्यक कुराहरुको मात्रव्याख्या र विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

बस चालकपेशामा संलग्नमहिलाचालकहरुको पेशागतअवस्थालाई हेर्दा उनीहरु यो क्षेत्रमालागेको समयअवधीकरिब दुई दशक समय भएको पाइयो भने उनीहरुको दैनिककाम गर्ने घण्टा १५ घण्टासम्म रहेछ । यो समयअवधि र काम गर्ने घण्टा हेर्दा अन्य क्षेत्रमाकार्यरत कामदारहरुको तुलनामा दोब्बरले नै बढि रहेको छ । यसैगरी महिलाचालकको कमाइ, बचत रखर्चलाई हेर्दा मासिककमाई तीस हजारसम्म हुने र सबै आम्दानी घरायसी क्षेत्रमानै खर्च हुने भएकाले बचत नभएको कुरा समेत प्राप्तभएको छ । चालकमहिलाहरु बस चालकको क्षेत्रमावर्तमानमाकमाई भएपनिभविष्यमा यो पेशा गरेवापत केहि लाभलिन सकिदैन भन्ने कुराले पेशाप्रति केहि मात्रामाचाहि असन्तुष्ट रहेको पाईयो भने बस चालक पेशालाई महिलाहरुकालागी रोजगारको अवसरको क्षेत्र बनाइयोस र काम गर्न नसक्ने अवस्थाभएको समयमापनि सेवा सुविधालिनपाएहुन्थ्यो भन्ने अपेक्षा समेत व्यक्त गरेका छन् ।

बस चालकमहिलाहरुले रोजागारीकालागीकिनचालक पेशा रोजे भन्ने सवालमासबैभन्दापहिलाउनीहरुले आफुमाशिक्षानभएको कारण हो भने तर शिक्षाबाहेक पनिबस चालक पेशा रोज्नुका कारणहरुमा महिलाको भूमिकामाआएको परिवतर्न पनिअर्को महत्वपूर्ण कारण हो । महिलाको भूमिकाविगतका समाजहरुमा घरभित्रमात्र सीमितथियो भने

अहिले त्यसमावरिवतर्न भएर महिलाहरु घर बाहिरका कामहरुमा संलग्नहुनथालेका छन् । यो कार्यका लागि घर, परिवार, समाज र राज्यकातहदेखि नै पहलभएका कारणले आफ्नो इच्छा भएका ठाँउहरुमा काम गर्न पाउनाले पनिमहिलाहरु चालक बनेका रहेछन् । यसका साथै व्यक्ति रोजगार बन्नकालागि परिवारको भूमिकापनिएकदमै महत्वपूर्ण हुने देखियो । परिवारमाआर्थिक समस्या परेर कामको एकदमै आवश्यकभएका बेलामा मान्छेले जोखिमपूर्ण काम गर्न समेत पछि नहट्ने र पुरषहरुले गर्ने कामहरुमा बढि आम्दानी हुन्छ भन्ने विचारहरुले गर्दा पनि बस चालक पेशा रोज्नकालागिमहिलाहरु प्रेरित भएको पाइयो । कतिपयअवस्थामा परिवार महिला रोजगारका लागीबाधकभएको पाइन्छ भने यो अध्ययनमाचाहि परिवाकिअवस्थाले पनि रोजगार बन्नै पर्ने बाध्यतासिर्जना गरेकोदेखियो ।

बस चालकपेशामा आबद्ध भएकामहिलाहरुको पेशागत समस्याहरु के कस्ता रहेछन भनीअध्ययनगर्दा महिला हिंसा, महिलाभएका कारण कामको जोमिका साथै बच्चाकाआमाभएकामहिलाहरुलाई दैनिकज्यालादारीकाकाममा समस्याभएको पाइयो । चालकहरुले बस चलाइरहेका बेला पुरुषहरुद्धारा अनैतिक र असहजव्यवहार गर्ने, अनावश्यक कुरा गरेर काममा असर पुर्याउने गतिविधिहरु हुने गरेका रहेछन् । महिलाभएकै कारण कामपाउनजोखिमहुने, महिलाले सक्दैन होलाभनेरविश्वास नगर्ने हुदो रहेछ । बच्चाकाआमाभएकामहिलाहरुलाई ज्याला रोजगारमाउच्च जोखिमहुने रहेछ । घर परिवारको जिम्मेवारी, कामको चापबच्च्चाहरुको हेरचाहले गर्दा महिलाहरुको रोजगारीमा धेरै नै चुनौतीहुने देखियो । विभिन्नचुनौतीहरुकाबाबजुदपनिचालकमहिलाहरुले विगतदुई दशकदेखि यताचालक पेशामालागेर आफ्नो पेशाप्रतिदक्षभएर अहिले नेपालमाचल्ने जुनसुकै गाडीहरु चलाउन सक्ने भएका रहेछन् । यसका साथै आफु रोजगारमा सक्रिय भएपछि घर , परिवार र कामका क्षेत्रहरुमागरिने व्यवहारमा फरक भएको भोगाई चालकहरुको छ । आफु आत्मनिर्भर बनेपछि व्यक्तिगतलगायतक परिवारको समेत आर्थिक जिम्मेवारी आफैले बहन गर्ने गरेको पाइयो ।

सार्वजनिकबसमा संलग्नमहिलाचालकहरुको पेशागतअवस्था, कारण र समस्याहरुको अध्ययनपश्चातनिष्कर्ष माभन्न सकिन्छ कीरोजगारका क्षेत्रमामहिलाहरुले आफ्नो आम्दानीलाई बढाउन दिनमा १५ घण्टासम्म खटेर काम गर्न सक्ने र जोखिमकाकामहरु गर्न पनितयार भएका घटनाहरुले महिलाहरु कमजोर हुन्छन काम गर्न सक्दैनन् भन्ने रुढिवादी

सोचलाई परिवतर्न गरेको छ ।महिलाले गर्न सक्दैनन् भन्ने काममा सहभागी बनेर पुरुषहरुकै दाँजोमाकामगर्नाले अवसर पाएभने महिलाले पनिजुनसुकै काम गर्न सक्छन्भन्ने विश्वास बस चालकमहिलाहरुले समाजमा छाडेका छन् ।विगतका समाजहरुमामहिलाहरुले घरभित्रकाकामहरुमात्रगर्थे भने वर्तमानका समाजहरुमामहिलाहरु श्रम बजारमा रोजगार गरेर घर परिवार, बालबच्चा र आफ्नो कामलाई एकैसाथ अघि बढाउनमा सक्षम बनेका छन् । जब महिलाहरु आत्मनिर्भर बन्छन तब महिलामाथिहुने महिला हिंसाकाक्रियाकलापहरु बिरुद्ध प्रतिकार गर्न सक्ने क्षमताको विकास हुने र परिवारको निणर्य गर्ने भूमिकामा समेत परिवतर्न भएर परिवारको अविभावकत्वबहन गर्न पनि सक्दारहेछन भन्ने कुरा प्रष्ट भयो ।

काठमाण्डौका महिलाबस चालकहरुको अध्ययनगर्दाचालकमहिलाहरुले आफु काम गर्न इच्छुक र दक्षभएपनिउनीहरुले चाहेको र इच्छाएको ठाँउमामहिलाभएकै कारण सहजै रुपमाकामपाउननसकिरहेको अवस्थापाइयो ।रोजगारमा आबद्ध भएकाबच्चाकाआमाहरुको अवस्था हेर्दा काम गर्नै पर्ने बाध्यता भएपछि कतिपयअवस्थामाआफ्नो बच्चालाई लगेर पनिकाम गरेका अनुभवहरु रहेछन् ।चालकमहिलाहरुको सुरुदेखि हालसम्मको अवस्थालाई हेर्दा उनीहरुको जीवनकालमा एउटा मात्र कुराको भूमिका रहेको भने देखिदैन् । धेरै ठाँउमा महिलाकोसहनशिलता, आँट, जोस र जागरले गर्दा काम गर्न सजिलो भएको देखियो भने कतिपयअवस्थामा बस चालकमहिलाहरु महिलाभएकै कारणले पनिकाममाबाधाहरु आएको पनि देखिन्छ । यसो भनिरहँदाकुनै पनिकाममामहिलालाई मात्रबाधाहुने पुरुषहरुलाई काममाकुनै बाधा नै नहुने हुन्छ र भन्ने कुरा पनि आउछ र स्वभाविकपनिहो । महिलातथापुरुषदुवै व्यक्ति रोजगारमा संलग्नहुदाँ पेशागत रुपमा सहजता र असहजपन देखिन्छ र त्यसको समाधानपनिगरिरहेको देखिन्छ ।

कुनै पनि घटना ,व्यक्तिवा एउटा समुहलाई अध्ययनको विषयबनाएर गरिएको अनुसन्धानबाट आएको निष्कर्षहरुलाई एउटा सिदान्तलाई आत्मसात गरेर सोहि सिदान्तको मूल्यमानयता , विचार धारालाई अंगालेर अध्ययनको किनारा लगाइयो भने अध्ययनबाट आएकाकत्तिपय कुराहरुलाई समेट्न नसकिने रहेछ र सिङगो अध्ययन नै अपूर्ण हुने मैले यो अध्ययन बाट अनुभवपाएँ । समाजका घटना, काम र विचारहरुलाई विगतलामो समयदेखि विभिन्नतरिकाले बुझियो, व्याख्या गरेको देखियो । सामाजिक अनुसन्धानमाअहिलेसम्म आएका सबै विचारधाराहरुले कुनै न कूनैरुपमाव्यक्तिको जीवनमा मेल खाएकै हुन्छन्

किनभने समाज र मानवजीवनभन्दाअलग्गै कुनै पनि सामाजिकसिदान्तको जन्मभएको छैन ।सबै सिदान्तहरुले गरेको व्याख्या र विश्लेषणलाई एउटा अध्ययनमा समावेस गरेर व्याख्या गर्न नसकिने भएकाले यो अध्ययनलाई केहिआकार दिनमालागिउदार महिलावाद र समाजवादीमहिलावादको विचारलाई अंगाालेर थोरै मात्रव्याख्यागरिएको छ ।

महिलामाथिआइपर्नेर महिलाले भोगेका घटनाहरुलाई महिलावादीहरुले आफ्नैतरिकाले व्याख्या गरेका छन् ।महिलाले कामगर्ने, पढ्ने, जागिर तथाव्यवसाय गर्ने लगायतमहिलाकाव्यक्तिगत स्वतन्त्रताहरुमापुरुषतथापितृसत्ताबाधकबनेको धारणाउदार महिलावादीहरुको रहेको छ । महिलाले गरेको कामलाई पुरुषहरुले गरेको कामसँगतुलना गर्ने, महिलालाई पुरुषहरुको तुलनामाज्यालानदिने जस्ता समस्याहरु महिला रोजगारमा देखियो यो विभेद र असमानतापूँजीवादको उत्पादनको रुवरुप र वर्गमाआधारित समाजले गर्दा हो भनेर समाजवादमहिलावादीहरुको धारणा छ । समाजमा रहेको वर्गीय असमानता र लैङ्गिकविभेदलाई हटाउनसमाजको पूजीवादी सम्रचना हटाएर समाजवादी संरचना निमार्ण गर्नु पर्दछ जुन समाजमाकुनै किसिमकाविभेदहरुहुने छैनन् भन्ने विचार पनि समाजवाद नारीवादीहरुको रहेको छ । यो अध्ययनबाट प्राप्तभएकातथ्याङ्कहरुलाईहेर्दा महिला बस चालकहरु चालक पेशामालाग्दा नौलो कुरा मानिन्छ भने त्यहि पेशामालाग्दा पुरुषहरुलाई सामान्य रुपमा हेरिन्छ भने यो महिला र पुरुषमा यो भिन्नताकिनभनेर हेर्दा समाजवादीमहिलावादलेउदार महिलावाद र समाजवादीमहिलावादको दृष्टिकोणबाट पनिव्याख्या र विश्लेषण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री


अर्याल, भोगेन्द्रमान (२०६८), *महिला सशक्तिकरणका चुनौतीहरु,* ज्ञानकुन्जप्रकाशन, काठमाडौं, नेपाल ।

अर्याल, शिवहरि (२०६९), *लैङ्गिक र महिलावादीअध्ययन,* शिबपब्लिकेशनप्रा.लि. बागबजार, काठकाण्डौ, नेपाल ।

आचार्य, मिना (२०६८), *नेपालमामहिलाको आर्थिक अवस्था,* पैरवीप्रकाशन, काठमाण्डौ, नेपाल ।

आचार्य, बलराम (२०६६), *मानवशास्त्र र समाजशास्त्रमा अनुसन्धानविधि,* नेशनल बुक सेन्टर, भोटाहिटि, काठमाडौँ ।

आचार्य, बलराम (२०६९) *लैङ्गिक समानतातथामहिलाशसक्तिकरण,* पैरवीप्रकाशन, काठमाण्डौ, नेपाल ।

आचार्य, बलराम (२०७१) *लैङ्गिक र महिलावादीअध्ययन,* नेशनल बुक सेन्टर, भोटाहिटि, काठमाडौँ ।

आचार्य, बलराम, श्रेष्ठ, केशवकुमार (२०७०), *समाजशस्त्र र मानवशास्त्रमा सैद्धान्तिक दृष्टिकोणहरु,* नेशनल बुक सेन्टर, भोटाहिटि, काठमाडौँ ।

ओरेक (२०७२), वार्षिक प्रतिवेदन, ललितपुर, नेपाल ।

डा.गौतम, टिकाराम (२०६६), *सामाजिक अनुसन्धान पद्धति,* विद्यार्थी पुस्तक धण्डारप्रकाशकतथगावितरक, भोटाहिटी, काठमाण्डौ, नेपाल ।

देवकोटा, पदमलाल, ओझा, नेत्रकुमार (२०६९), *समाजशास्त्रमा सैद्धान्तिक दृष्टिकोणहरु,* दिव्य देउरालीप्रकाशनप्रा.लि, बागबजार, काठमाण्डौ, नेपाल ।

देशसञ्चार टि.भि. (सन्, २०१९), *महिला बस चालकका सुख दुःखका कुरा,* *www.deshsansar1.com*अगष्ट ८ ।

नयाँनयाँन्युजनेपाल (२०२०) *साझा बस चलाउने पहिलो नेपालीमहिला ड्राइभर भन्छिन गनडीभित्र यौन हर्तक गर्ने पनि देखेँ,* *http://www.youtube.com/watch*?V=q2C8KSEdz0o&t= जुलाई १६ ।

नेपाललिभिङ स्टयाण्डर सर्वे, सन २०११ । *www.cbs.gov,np*

नेपालश्रमशक्ति सर्वेक्षणको नतिजा (२०७६), केन्द्रियतथ्याङ्कविभाग, काठमाण्डौ, नेपनल । ।*www.cbs.gov,np*

पावर मिडिया नेटवर्क (२०२०), *साझाबसकीमहिला ड्राइभरको हृदयविदारक कथा : आँशु झार्दै सुनाइनजिन्दगीकाकहालीलाग्दो क्षण, http://www.youtube.com/watch?v=q2C8KSEdz0o&=689s अगष्ट ६ ।*

प्रसाई, कल्पना (२०७७), *उद्यमशिलमहिलाको सामाजिकतथाआर्थिक अवस्थामाआएको परिर्वतन,* एम.ए. अप्रकाशितशोधपत्र, सामाजिकशास्त्र संकाय, रत्न राज्यलक्ष्मीक्याम्पस, प्रर्दशनीमार्ग काठमाण्डौ, नेपााल ।

पोखरेल, सबिता (२०७३), *वैदेशिक रोजगारीमामहिलाको अवसर र चुनौतीःउदयपुर जिल्ला, बेल्टारबसाहानगरपाालिकाका वैदेशिक रोजगारीबाट फर्किएकामहिलाहरुको एक अध्ययन,* एम.ए.शोधपत्र, समाजशास्त्र केन्द्रियविभाग, कीर्तिपुर, काठकाण्डौ, नेपाल ।

सुनौलो नेपाल टि.भी. (सन्,२०२०), *हिम्मतवालीयी रेबिकाजसले हुइकाउछिन् साझा बस, महिलापनि के कमजोर,http://www.youtube.com/watch?v=z59KhGrrKgg&t=784s,* अगष्ट ४ ।

सुनौलो नेपाल टि.भी. (२०७७), *महिलाले हुइकाउने साझा बस, यात्रु भन्छन् पुरुषको भन्दा सुरक्षित, http://www.sunsulonepal.com* सेप्टेम्बर, ११ ।

श्रेष्ठ, आनन्द (२०६५), उद्यमशिलको विकास, धौलागिरी बुक्स एण्ड स्टेशनरी, पुतली सडक, काठमाण्डौ, नेपाल ।

Beauvoir, Simon De. (1997). *The Second Sex. Translate by* Howard Madison Parshley, Germany.

Friedan, B. (1963). *The Feminine Mystique.* U.S.A: W.W. Norton.

Huddy, L, and Terkildsen, N. (1993). Gender Stereotypes And The Perception Of Male And Female Candidates. *American Journal of Political Science.* New York: State University of New York.

Kinyanjui, P. K. (1973). *Education, Training and Employment of Secondray School Leavers in Kenya.* England: Institute of Development Studies, University of Sussex. Labour Capital And Society.

LeuitaSaroa, Selous Richard (1981). *Working Wives And Mother: What Happens Family Life?.*

Mcrae, S. (2008). *Working Full-Time After Motherhood. Women and Employment, Changing Lives and New Challenges. Edward Elgar Publishing.*

Mishra, C. (2011). Development and Underdevelopment Countries of Women: A Sociological Perspctive, Article. *Kathmandu Post*. 50(3): 5-6.

Sheesan A., Berkery E. and Lichrou M. (2017). Changing Role of Women in the Irish Society: An Over-View of The Female Consumer. *Irish Journal Of Management.* 36 (3): 162-171.

Spite, G. (1998). WomensEmployment And Family Relation: A View. *National Council on Family Relations.* 50 (3): 595-618 .

Teichler, U. (2002). " Education And Employment" . *International Encyclopedia Of The Social And Behavioural Science. 40 (3) : 4178-4182* .

## प्रश्नपत्र

**उत्तरदताको परिचय**

नाम, थर : ............................... उमेर : ...............................

ठेगाना : ...............................धर्म :...............................

जातजाती : ...............................पेशाः...............................

शैक्षिक स्थितीः ...............................परिवार सङ्ख्या : ...............................

वैवाहिकअवस्थाः (विवाहित/अविवाहित ) : विवाहहुँदाको उमेर : ............................

श्रीमानको शैक्षिक योग्यता : ...............विवाहहुँदाश्रीमानको उमेर : .......................

**पेशागतअवस्था**

१ तपाई यो बस चालक पेशामालाग्नु भएको कति समय भयो ?

२ तपाईले ड्राईभिङ कँहा र कहिले सिक्नु भएको हो ?

३ तपाईको मासिकतलबकति रुपैया छ ?

४ तपाईले दिनमाकति घण्टा बस चलाउनु हुन्छ ?

५ बस चालकपेशामालागे पछि तपाईको कमाई र बचतको अवस्था कस्तो छ?

६ बस चालकपेशामालाग्नु पूर्व तपाई के गर्नुहुन्थ्यो ?

७ बस चालकबनेपछि घर परिवार आफन्त र साथीभाईहरुले कस्तो व्यवहार गर्नुहुन्छ ?

९ यो पेशामालागे पश्चात यस सस्थामा केहि लगानी छ कि छैन ?

१० आगामीदिनहरुमापनियहि पेशालाई निरन्तरतादिने हो या अन्य के सोच्नु भएको छ ?

११ बस चालकपेशाबाट आएको रकमकुनकुन क्षेत्रमाप्रयोग गर्नु भएको छ?

१२ राज्यले महिला रोजगारका लागी ड्राईभिङ क्षेत्रमा के कदमचाले हुन्थ्यो जस्तो लाग्छ ?

१३ रोजगारका लागिविदेशिएका र विदेशिनचाहने युवायुवतीहरुलाई के भन्न चाहनुहुन्छ, नेपालमा रोजगारको सम्भावनाकत्तिको छ के बुझाई छ यसमातपाईको ?

१४महिला बस चालकबन्नचाहने अन्यमहिलादिदीबहिनीहरुलाई के भन्नुहुन्छ ?

१५तपाई बेरोजगार भएको अवस्थामा र बस चालकभएर रोजगारी भएपश्चाततपाईले सामाजिक र आर्थिक व्यवहारमा केहि फरक पाउनु भएको छ ?

१६विगतमा र अहिले परिवारमा निर्णय गर्ने भूमिका कस्तो छ ?

**कारणहरु**

१७तपाईले यो बस चालक पेशाकिन रोज्नु भएको हो ?

१८तपाई कसरी यो सार्वजनिक बस चालकबन्नपुग्नु भयो ?

१९ रोजगारीले तपाई आफुमा केहि परिवर्तन भएको महसुस गर्नु भएको छ ?

२० तपाईको परिवारको मुख्यआम्दानीको स्रोत के हो ?

२१ यो पेशामालाग्नु पूर्व व्यक्तिगत र परिवारको आर्थिक समस्या कसरी व्यवस्थापनगर्नुहुन्थ्यो ?

**समस्याहरु**

२२ तपाई गाँउबाट काठमाण्डौ आउदा घरको सल्लाहले आउनुभएको थियो कि आफुखुसीआउनु भएको थियो ?

२३ तपाईले ड्राईभिङ सिकेको समयमा ड्राईभिङ सेन्टरमासिकाउने महिलाहरु पनिहुनुन्थ्यो कि पुरुषहरुले नै सिकाउनु भएको हो ?

२४ तपाई महिलाभएर बस चालक पेशागरिरहँदा के कस्ता चुनौतीहरु भोग्दै आउनु भएको छ ?

२५ तपाई घरबाट काममानिस्कँदाबालबच्चा र परिवारलाई कस्ले हेरचाह गर्छ ?

२६ ड्राईभिङ्गसिक्ने खर्च कँहाबाट ल्याउनु भयो , परिवारको कस्तो सहयोग रहयो ?

२७ बस चालकपेशामा परिवारको सल्लाहले लाग्नु भयो कि आफु खुसीलाग्नु भएको हो ?

२८ यो पेशागरिरहँदा समस्यामा परेर कतै उजुरी गर्नु भएको छ / यदि छ भने उजुर गर्दा वा सहयोग लिनजाँदा सम्बन्धितनिकायको कस्तो व्यवहार रहयो ?

२९ तपाईको लागि यो ड्राईभिङ पेशाआफ्नै रहर कि बाध्यताहो ?

३० महिलाभए पछि मासिक रुपमा स्वास्थ्यमा सम्स्याहरु आईरहन्छन बस चालकभएर गाडी कुदाईरहँदा यस्ता समस्याहरुलाई कसरी व्यवस्थापनगरिरहनुभएको छ ?

३१ तपाईले बस चलाँउदाकहिले रात पर्ला सबै सार्वजनिकबसहरु बन्द भैसकेको अवस्थामाआफ्नो बस थन्काए पछि कसरी घर जानुहुन्छ के व्यव्था गर्नु भएको छ ?

३२ बेलुका अबेर घर पुग्दा परिवारमाश्रीमानबुबाआमावाअन्य सदस्यले कस्तो व्यवहार गर्नुहुन्छ ?

३३ तपाई बिगतमा बेरोजगारी भएको अवस्थादेखि हालसम्म रोजगार बन्नकालागीजुनप्रयासहरु गर्नु भयो त्यो बिचमामहिलाहिसा, यातनाहरु भोग्नु भयो कि भएन, तपाई माथि कस्ता व्यवहारहरु भए?

३४ तपाई महिलाभएर बस चलाईरहँदा बस चढने यात्रुहरुले के भन्ने गर्नु भएको छ ? कस्तो प्रतिक्रियापाउनु भएको छ ?

३५ तपाईका सहकर्मीहरु अनियहि क्षेत्रमाकाम गर्ने अन्य बस चादकहरुले कस्तो व्यवहार गर्नु हुन्छ? साथ, सहयोग कत्तिको गर्नुहुन्छ ?

३६ तपाइमहिलाभएर ड्राईभिङ्गगरिरहँदाकुनै किसिमका हिंसाहरु भएका र हुनेगरेका त्यस्ता घटनाहरु छन् ?

३८ अन्त्यमातपाईलाई केहि भन्न मन लागेको छ ?